# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक १४७ काठमाडौं आइतबार, ३१ भदौ २०८० Prabhab National Daily Sunday, September 17, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

# राजधानीमै पाशविक घटना




- ७६ वर्षीया आमा शुभद्रा भुजेल, छोरा अन्दाजी ५५ वर्षीय कुमार भुजेल, बुहारी ५२ वर्षीया अम्बिका भुजेल र १९ वर्षीय नवीन राईको हत्या
- नजिकैको प्रहरी घटनाबारे बेखबर
- रिसइबीका कारण हत्या गरिएको हुनसक्ने
- चारै जनाको शव त्रिवि शिक्षण अस्पतालमा

■ जेबी योञ्जन

**काठमाडौं–** देशको संघीय राजधानी काठमाडौंको शान्ति सुरक्षाको स्थिति नाजुक रहेको गैह्रीगाउँ तीनकुनेमा भएको हत्याकाण्डले छर्लंग पारेको छ । एकै परिवारका तीनसहित चार जनाको हत्या हुँदा करिब ५०० मिटर दूरीमा रहेको बानेश्वर प्रहरी वृत्तमा रहेका प्रहरीले थाहा पाएनन् । करिब त्यति नै दूरीमा कोटेश्वर प्रहरी प्रभाग छ । यहाँ रहेका प्रहरी पनि नजिकै गम्भीर प्रकृतिको आपराधिक घटना घटिरहँदा बेखबर रहे ।

घटनामा ७६ वर्षीया शुभद्रा भुजेल, छोरा अन्दाजी ५५ वर्षीय कुमार भुजेल, बुहारी ५२ वर्षीया अम्बिका भुजेल र १९ वर्षीय नवीन राईले ज्यान गुमाए । भुजेल परिवार दोलखाको हो । नवीन भने मोरङको बेलबारीको रहेको खुलेको छ । उनीहरूको हत्या गैह्रीगाउँको दिव्य स:मिल काष्ठ उद्योग परिसरको एक तले जस्तापाताले छाएको टहरामा भएको हो । घटना मध्यरातमा भएको देखिन्छ ।

उपत्यकामा प्रहरीको रात्रिकालीन गस्ती दिनहुँ हुन्छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेशराज मैनालीका अनुसार शनिबार पनि (बाँकी पृष्ठ ३ मा)

## न्याय पाइयोस् : पीडित परिवार

हत्याकाण्डको अनुसन्धानमा अपराध अनुसन्धानको क्षेत्रमा काबिल प्रहरी अधिकृतहरू संलग्न छन् । समाचार तयार पार्दासम्म अनुसन्धान टोलीले हत्याकाण्डको कारण र हत्यामा संलग्नको पहिचान गर्न सकेको छैन ।

हत्याकाण्डमा परेकी शुभद्राकी कान्छी बुहारी चण्डिका भुजेलले अपराधमा संलग्नलाई छिटोभन्दा छिटो पहिचान गरेर पक्राउ गर्नुपर्ने माग गरेकी छन् । उनले न्यायको पर्खाइमा रहेको बताइन् । (बाँकी पृष्ठ ३ मा)

# प्रधानमन्त्री दाहाल न्युयोर्क प्रस्थान

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन शनिबार साँझ न्युयोर्क प्रस्थान गरेका छन् । प्रधानमन्त्री दाहाललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा सभामुख, उपप्रधानमन्त्री, मन्त्री, नेपाल सरकारका उच्च पदस्थ अधिकारी, सुरक्षा निकायका प्रमुख/प्रतिनिधिलगायतले बिदाइ गरेका थिए ।

प्रधानमन्त्री दाहालले आगामी असोज ४ गते महासभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ । विश्व समुदायको विश्वास पुन:जागृत गर्ने तथा शान्ति, समृद्धि र सबैको दिगोपनाका निम्ति दिगो विकासका लक्ष्य हासिल गर्ने ऐक्यबद्धताबारे उनले मन्तव्य दिने कार्यसूची छ ।

प्रधानमन्त्री दाहाल आगामी आसोज २ गते अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गर्ने स्वागत समारोहमा सहभागी हुनेछन् । न्युयोर्कमा रहँदा प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसंघको दिगो विकास र जलवायुसम्बन्धी शिखर सम्मेलनलगायत कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

उनले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेससँग भेटवार्ता गर्नेछन् । साथै, विभिन्न देशका आफ्ना समकक्षीसँग भेट गर्ने मन्त्रालयले जनाएको छ ।

- आसोज २ गते अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गर्ने स्वागत समारोहमा सहभागी हुने
- असोज ४ गते राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने
- राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेससँग भेटवार्ता गर्ने
- असोज ५ गते न्युयोर्कबाट सीधै चीनको औपचारिक भ्रमणका लागि हाङजाउ जाने

राष्ट्रसंघको ७८औं महासभाको उच्चस्तरीय सत्रलाई सम्बोधनपश्चात् प्रधानमन्त्री दाहाल आगामी असोज ५ गते न्युयोर्कबाट सीधै चीनको औपचारिक भ्रमणका लागि हाङजाउ जाने कार्यक्रम छ ।

हाङजाउमा चिनियाँ राष्ट्रपति सी चीनफिङसँग भेटघाटको कार्यक्रम रहेको छ । प्रधानमन्त्री दाहाल १९औं एसियन गेमको समुद्घाटन समारोहमासमेत सहभागी हुनेछन् । आगामी असोज ८ गते बेइजिङमा समकक्षी ली छियाङसँग भेटघाट तथा द्विपक्षीय वार्ताको कार्यक्रम छ ।

प्रधानमन्त्री दाहालले भ्रमणका क्रममा कृषि तथा प्रविधिको क्षेत्रमा छोटो समयमै उच्च सफलता हासिल गरेको (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

ठगीविरूद्ध 'एक्सन'मा विभाग

# एक हप्तामा सात जनाविरूद्ध मुद्दा, दुई म्यानपावरलाई कारबाही




■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले रोजगारीका लागि विदेश पठाइदिने भन्दै लाखौं रूपैयाँ ठगी गरेको अभियोगमा एक हप्ताभित्र सात जनाविरुद्ध मुद्दा दायर गरेको छ। आकर्षक तलब सुविधाको प्रलोभन देखाई ठगी गरेको आरोपमा पक्राउ परेका उनीहरूलाई आवश्यक छानबिन र अनुसन्धानपछि विभागले वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको हो।

विभागले शुक्रबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसूर अपराध गरेको देखिँदा ठगी गर्नेहरूमाथि अनधिकृत रूपमा उठाएको रकम र त्यसको ५० प्रतिशतले हुन आउने हर्जनाको मागदाबीसहित न्यायाधिकरणसमक्ष अभियोगपत्र प्रस्तुत गरेको उल्लेख गरेको छ । विभागले ठगी गरेको अभियोगमा खिमप्रसाद गुरुङ, अर्जुन पोखरेल, उमेश सेती सुरुवाल, आर्जु सेती सुराल र मोहम्मद मोतिबाबु अन्सारी, भवानीप्रसाद लामिछाने, रोशन राजा शेखविरुद्ध कानुनी कारबाही र न्याय सम्पादनका लागि अभियोगपत्र प्रस्तुत गरेको जनाएको छ।

प्रतिवादी खिमप्रसाद गुरुङले दक्षिण अफ्रिकामा रोजगारीमा पठाइदिने भन्दै चार जनासँग २६ लाख ५० हजार अनधिकृत रूपमा उठाएर ठगी गरेको अभियोगमा विभागले उक्त रकम र त्यसको ५० प्रतिशतले हुन आउने रकम जाहेरवालाहरूलाई भराइ पाउनुपर्ने मागदाबी लिई यही भदौ २१ गते मुद्दा दायर गरेको छ। गुरुङले लिलमाया गुरुङ, खिमविक्रम थापा र प्रेमकुमारी गुरुङबाट प्रतिव्यक्ति छ लाख ५० हजार रूपैयाँ र अर्जुनसिंह गुरुङबाट सात लाख रूपैयाँ लिएर ठगी गरेको अभियोगपत्रमा उल्लेख गरिएको छ। यसैगरी प्रतिवादी अर्जुन पोखरेलले सर्बियामा कृषिसम्बन्धी काममा पठाइदिने भन्दै सुदिप तामाङसँग चार लाख लिएर ठगी गरेको अनुसन्धानबाट खुलेको जनाउँदै विभागले उक्त रकम र त्यसको ५० प्रतिशतले हुन आउने हर्जना रकम भराइ पाउनुपर्ने मागदाबीसहित यही भदौ २६ गते मुद्दा दायर गरेको छ।

यस्तै प्रतिवादी उमेश सेती सुरुवाल र आरजु सेती सुरालले आपसी मिलेमतो गरी रोजगारीका लागि पोर्चुगल र कम्बोडिया पठाउने भन्दै छ जनासँग ५५ लाख ५० हजार रूपैयाँ उठाएर ठगी गरेको विभागले उल्लेख गरेको छ। यसरी ठगी गरेको रकम र त्यसको ५० प्रतिशतले हुन आउने हर्जना रकम जाहेरीवालाहरूलाई भराइ पाउनुपर्ने मागदाबीसहित यही भदौ २७ गते मुद्दा दायर गरिएको छ । सुरुवालद्वयले सुरज श्रेष्ठ, टंककुमार श्रेष्ठ, हेमबहादुर तामाङसँग जनही १३ लाख रूपैयाँ, सञ्जिव गौतमसँग ११ लाख रूपैयाँ, रोहन दाहालसँग पाँच लाख र प्रतिमा गुरुङ मगरसँग ५० हजार रूपैयाँ लिएर ठगी गरेको विभागले अभियोगपत्रमा उल्लेख गरेको छ।

त्यसैगरी प्रतिवादी मोहम्मद मोतिबाबु अन्सारी, भवानीप्रसाद लामिछाने र रोशन राजा शेखले वैदेशिक रोजगारीका लागि संयुक्त अरब इमिरेट्स (युएई) पठाइदिने प्रलोभन देखाई सत्यनारायण साह, राकेशकुमार साह र धर्मेन्द्र साहसँग ११ लाख ६८ हजार ३०० रूपैयाँ ठगी गरेको विभागले उल्लेख गरेको छ। उनीहरू तीनै जनामाथि ठगी गरेको रकम र त्यसको ५० प्रतिशतले हुन आउने हर्जना रकम पीडितहरूलाई भराइ पाउनुपर्ने मागदाबीसहित विभागले मुद्दा दायर गरेको छ।

विभागले वैदेशिक रोजगारीका नाममा व्यक्तिगत रूपमा ठगी गर्नेलाई मात्र नभई म्यानपावर कम्पनीहरूलाई समेत कानुनी दायरामा ल्याउन कारबाही गरेको छ। प्रचलित ऐन/नियममा भएका व्यवस्थाहरूलाई अक्षरश: कार्यान्वयन गर्न/गराउन सदैव क्रियाशील रहेको भन्दै विभागले दुईवटा म्यानपावर कम्पनीलाई कारबाही गरेको विज्ञप्तिमार्फत जानकारी दिएको छ । विभागले इजाजतपत्र प्राप्त युनाइटेड म्यानपावर एजेन्सीलाई वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण गतिविधि सञ्चालन गर्न रोक लगाएको छ । उक्त म्यानपावरलाई वैदेशिक रोजगारीमा युक्रेन, रोमानिया र पोल्याण्ड पठाउने भनी विभिन्न व्यक्तिसँग रकम लिई सम्बन्धित मुलुकमा नपठाएको र उनीहरूको रकमसमेत फिर्ता नगरेको भन्दै यही भदौ २७ गतेको निर्णयअनुसार निलम्बन गरिएको विभागले जनाएको छ । त्यस्तै अर्को इजाजतपत्र प्राप्त म्यानपावर युरो एसिया एचआर सोलुसनलाई पनि वैदेशिक रोजगारीका लागि जान इच्छुक व्यक्तिहरूबाट भिसा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएको पुष्टि भएको भन्दै विभागले एक लाख रूपैयाँ जरिवाना गरेको छ।



# विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीति अपांगतामैत्री बनाउन माग



■ प्रभाव संवाददाता

**काठमाडौँ–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सन्दर्भमा नीति निर्माण गर्दा अपांगता भएका नागरिकहरूलाई केन्द्रमा राख्नुपर्ने माग सरोकारवालाहरूले राखेका छन् । विपद्को जोखिममा सबैभन्दा बढी अपांगता भएका नागरिकमा पर्ने उनीहरूको भनाइ छ । त्यसका अतिरिक्त अपांगता भएका नागरिकका लागि जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालमा छुट्टै संयन्त्र निर्माण गनुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

अपांगता अधिकार कोष, अपांगता अधिकार वकालत कोषको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपाल, अपांगता भएका महिलाहरूको महासंघ नेपाल, नेपाल नेत्रहीन संघ र श्रवणदृष्टिविहीन अभिभावक संघको संयुक्त आयोजनामा आयोजित 'अपांगतामैत्री विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आवश्यकता' सम्बन्धी गोष्ठीमा सहभागीहरूले समुदायमा हुने विपद् व्यवस्थापनसम्बन्धी संयन्त्र निर्माणलगायत अन्य क्रियाकलापमा अपांगता भएका नागरिकको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिए । कुनै पनि विपद् व्यवस्थापनसम्बन्धी नीति निर्माण गर्दा अपांगता भएका नागरिकलाई प्राथमिकता राख्नुपर्ने उनीहरूको धारणा थियो ।

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले राज्य अपांगता भएका नागरिकको जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका सन्दर्भमा संवेदनशील रहेको बताए । कोभिड-१९ लगायत महामारी र मनसुनको समयमा हुने बाढीपहिरोका कारण अपांगता भएका व्यक्ति बढी समस्यामा पर्ने गरेको उनले बताए । उनले भने, 'अपांगतामैत्री विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी ऐन, नीति नियममै स्पष्ट छ । त्यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा प्राधिकरणले स्थानीय तह, प्रदेशमा र यससँग सम्बन्धित संघसंस्थासँग निर्देशन तथा समन्वय गर्ने प्रयास भइरहेको छ ।'

२०७२ सालको भूकम्पमा अपांगता भएका ३०० व्यक्ति प्रभावित भएका र उनीहरूको आवश्यकता अनुसार डिभाइसहरू प्राधिकरणले निर्माण गरेको पोखरेलले बताए । उनले प्राधिकरणले जोखिम भएका ठाउँहरूमा पालिकाको नेतृत्वमा उनीहरूको सूचनालाई वर्गीकरण गरिएको बताए ।

उनले प्राधिकरणले अपांगतामैत्री भवन निर्माणमा पैरवी गर्दै आएको एवं सूचनामा सहज पहुँचका लागि श्रव्य तथा दृष्य सामग्री निर्माण गरिएको र अपांगतासम्बन्धी संघसंस्थासँग सहकार्य गरेर अघि बढ्न तयार रहेको बताए । प्राधिकरणले संघीय, प्रदेश हुँदै स्थानीय तहसम्म अपांगता भएका नागरिकको सहभागितामा जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनसम्बन्धी समिति निर्माणका लागि आवश्यक निर्देशन दिन तयार रहेको उनले बताए ।

राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष केपी अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै सरकारले विपद् जोखिम राष्ट्रिय नीति निर्माणका क्रममा अपांगता भएका व्यक्तिहरूलाई सहभागी गराउन नसकेको बताए । अझै पनि अपांगतासम्बन्धी बनेका ऐन कानुनको अक्षरशः पालना हुन नसकेको भन्दै यसलाई पूर्ण पालना गर्नुपर्ने उनको भनाइ थियो । सांकेतिक भाषाका कारण सुनुवाइसम्बन्धी समस्या भएका व्यक्तिहरूको उद्धार र राहतका कामलाई प्रभावकारी बनाउन सूचनालाई चुस्तदुरुस्त बनाउनुपर्ने अधिकारीको धारणा थियो ।

राष्ट्रिय मानवअधिकार आयोगअन्तर्गत अपांगता तथा ज्येष्ठ नागरिक शाखाकी अधिकृत कल्पना नेपाल आचार्यले आयोगबाट गरिएका कतिपय सिफारिसहरू समेत कार्यान्वयनमा आउन नसकेको बताइन् । 'हामी अपांगता भएका नागरिकको अधिकारका सन्दर्भमा संवेदनशील छौं, तर कार्यान्वयनका सवालमा देखिएको चुनौतीलाई लिएर चिन्तित पनि छौं, यसमा सबैको निरन्तरको पैरवी एवं दबाब आवश्यक देखिन्छ,' उनको भनाइ थियो ।

कार्यक्रमका सहभागीहरूले विद्यालय तहको पाठ्यक्रममा पनि अपांगतामैत्री विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विषयलाई राख्नुपर्ने, अपांगता भएका व्यक्तिहरूका लागि विपद्सम्बन्धी तालिमको व्यवस्था, छुट्टै आपत्कालीन राहत कोष स्थापना गर्न सकेमा अपांगता भएका नागरिकको जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनमा सहयोग पुग्ने बताएका थिए ।

# सकियो एक महिने गुँला पर्व

**भक्तपुर–** चान्द्रमासअनुसार श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिनासम्म मनाइने गुँला पर्व शनिबारदेखि सम्पन्न भएको छ ।

विशेषगरी बौद्ध समुदायले मनाउने यो पर्वमा सांस्कृतिक पर्व बाजागाजाका साथमा बुद्ध भगवानको भजनकीर्तन गाएर मठमन्दिर, बौद्ध चैत्य परिक्रममा गरी मनाइएको छ । नेपाल भाषामा 'गुँ' को अर्थ नवौं र 'ला' को अर्थ महिना हो । यसरी गुँलाको अर्थ नवौं महिना भन्ने बुझिन्छ । गत साउन ३२ गतेदेखि सुरु भएको यस पर्व विभिन्न स्थानीय बौद्ध चैत्यको परिक्रमा गरी शनिबार सम्पन्न भएको हो ।

बौद्ध समुदायबाहेक हिन्दू धर्मावलम्बीका नेवार समुदायले पनि पछिल्लो वर्षमा यो पर्व मनाउन थालेको स्थानीय संस्कृतीकर्मी रामशेखर शाक्यले बताए । हरेक दिन दुईदेखि ३०० धर्मावलम्बीको सहभागिता रहने गुँला बाजाले प्रत्येक बिहान नगरका विभिन्न मठमन्दिर, बौद्ध विहार र चैत्य परिक्रमा गरेर विशेष पूजाआजाका साथ मनाएको उनले बताए ।

यस पर्वमा प्रत्येक दिन नौ बाजा बजाएर चैत्य तथा मन्दिर परिक्रममा गरिने, एक महिनासम्म व्रतालुले नुन नखाई एक छाकमात्र खाने र पर्व अवधिभर बिहान बेलुका पूजाअर्चना गर्ने प्रचलन रहेको शाक्यले जानकारी दिए । दर्शन गर्न जाँदा विभिन्न बाजागाजा बजाएर श्लोक मन्त्रोचारण गरेर मठ, मन्दिर, चैत्य, विहार परिक्रमा गर्ने गरिन्छ । गुँला पर्व भक्तपुर, काठमाडौं, ललितपुर, कीर्तिपुर, मध्यपुरथिमिमा पनि यस्तै प्रक्रियाबाट मनाउने परम्परा छ ।

उनका अनुसार पर्वमा स्वयम्भू महाचैत्य, बौद्ध चैत्य, स्थानीय बहाः, बही, चैत्यलगायत उपत्यकाका विभिन्न चैत्यस्थलको दैनिक परिक्रमा गरिएको थियो । राँगा, भेडाको सिङबाट बनाइएको 'न्याकुँ' बाजा, दाफा, धाः, बाँसुरी, धिमे, भुस्यालगायत नौ बाजा बजाएर परिक्रमा गर्ने प्रचलन छ ।

काठमाडौंवासीले स्वयम्भू महाचैत्य दर्शन गरेपछि शोभा भगवती हुँदै विजयेश्वरी र त्यहाँबाट केलटोलस्थित सेतो मत्स्येन्द्रनाथ दर्शन गर्ने, ललितपुरवासीले पाटन र चोभारस्थित मत्स्येन्द्रनाथ मन्दिर, मञ्जुश्री, गोल्डेन टेम्पललगायत पाटनका विभिन्न विहार/महाविहारमा पूजा गर्ने शाक्यले जानकारी दिए । उनका अनुसार भक्तपुर र मध्यपुरथिमिमा विभिन्न बहाः बहि, चैतयलगायतको परिक्रमा गरिएको थियो ।

कतिपय ठाउँमा गुँला पर्वमा बजाउने बाजागाजामा आर्थिक र जनशक्ति अभावका कारण कपाली समुदायले बजाउने म्वाली बाजाबिना नै पर्व मनाइएको गुरु बज्राचार्यले बताए । उनले यस पर्वमा एक महिनासम्म दशशीलको पालना गर्नुपर्ने जनाउँदै एक महिनाको अवधिमा कम्तीमा प्राणी हिंसा नगर्ने, कसैले नदिई केही पनि नलिने, नराम्रो काम गर्ने, झूठो कुरा नबोल्ने, लागुपदार्थ एवं मद्यपान नगर्ने, परस्त्री सम्पर्क गर्न नहुने उनले बताए ।

सकेसम्म अग्लो खाटमा नसुत्ने, मनोरञ्जन नगर्ने, समयमै भोजन गर्ने, आभूषण ग्रहण नगर्ने र ब्रह्मचर्यमा बस्न सके दशशील पालना हुने बज्राचार्यको भनाइ थियो । भक्तपुरमा गुँला पर्वका अवसरमा भदौ ४ गते चाँगुनारायण, ६ गते साँखु बज्रयोगिनी, १३ गते काभ्रेपलाञ्चोकको नमोबुद्ध, २० गते बाँडेगाउँ, २७ गते ललितपुरको जलविनायक र कार्यविनायक र ३० गते आज यहाँका विभिन्न चैत्य र स्वयम्भू महाचैत्यको परिक्रमा गरी मनाइएको छ ।

स्थानीयले महिलाले नेवारी पोसाक लगाएर परिक्रमा गर्ने प्रचलन छ । बौद्ध चैत्यसँगै इष्टदेवता, गणेश, भीमसेन भैरवलगायतका देवी, देवताकोसमेत परिक्रमा गर्ने प्रचलन रहेको बज्राचार्यले बताए । शनिबार बिहानैदेखि मध्यपुरथिमि, भक्तपुरका विभिन्न चैत्यमा नौ बाजा बजाएर गुलाँ पर्व सम्पन्न गरिएको थियो । *रासस*


Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड

## Rates of Interest

Effective From Aswin 1, 2080 (18 September, 2023)

| S.N. | Deposit Types | Rates (%) Per Annum |
|---|---|---|
| 1 | **Saving Deposit :** | |
| | Hamro Bachat Khata | 5.5119 |
| | General Savings | 5.7500 |
| | Bal Surakchya Bachat Khata | 6.7500 |
| | Sanyukta Bachat Khata | 6.0000 |
| | ChetanshilNari Bachat | 7.0100 |
| | Kirshak Bachat | 6.8000 |
| | Shareholder Bachat | 6.8000 |
| | Sambriddhi Bachat | 7.0100 |
| | Ba Ama Bachat | 7.1110 |
| | Karmachari Nibritibharan Bachat | 6.7500 |
| | Social Security Special Saving | 6.7500 |
| | Purbakarmachari Samman Bachat | 7.0000 |
| | Sabai Nepali Ko Bachat | 6.0000 |
| | ADBL Salary Account | 7.0000 |
| | Payroll Bachat | 7.0000 |
| | Remittance Bachat | 8.0000 |
| | Matribhumi Savings | 8.0000 |
| | USD | 5.5000 |
| | EURO | 2.7500 |
| | POUND STERLING (GBP) | 4.6500 |
| 2 | **Fixed Deposit :-** | |
| 2.1 | **Institutional :** | |
| | 6 Months and upto 5 Years | 8.0119 |
| | 6 Months and upto 5 years (bidding) | 8.5119 |
| 2.2 | **Individual :** | |
| | **General FD** | |
| | Three Months | 9.5100 |
| | Six Months | 9.5100 |
| | Above 6 Months upto 1 Year | 10.0100 |
| | Above 1 Year upto 5 Years | 10.0119 |
| | **ADBL Remittance FD** | 11.0119 |
| | **ADBL Special FD** | 10.0119 |
| | **Mero Khusi Mero Bhawisya FD** | 10.0119 |
| | **Sewa Nibirtta Karmachari FD** | 10.0119 |
| | **Lakhpati Karodpati Dhamaka Muddati Khata- Remittance** | 11.0119 |
| | **Lakhpati Karodpati Dhamaka Muddati Khata-Individual** | 10.0119 |
| | **Chori Chora Jeevan Samunnat Khata** | 10.0119 |
| | **ADBL Recurrent Muddati Khata** | 10.0119 |
| 2.3 | **Fixed Deposit USD** | |
| | 3 Months and upto 1 Year | 7.1500 |
| 3 | **Akchayakosh (Endowment Fund)** | 8.0119 |
| 4.0 | **Call Deposits** | |
| 4.1 | Call Deposit LCY | 2.7560 |
| 4.2 | Co-operative Call Deposit LCY | 2.7560 |
| 4.3 | Call Deposit USD | 2.7500 |
| 4.4 | Call Deposit EURO (EUR) | 1.3750 |
| 4.5 | Call Deposit POUND STERLING (GBP) | 2.3250 |
| 5.0 | NRN Deposit Accounts | |
| 5.1 | NRN Savings Accounts | |
| 5.1.1 | USD | 5.0000 |
| 5.1.2 | Japanese Yen | 2.4000 |
| 5.2 | NRN Fixed Deposit Accounts | |
| 5.2.1 | USD | 6.5000 |
| 5.2.2 | Japanese Yen | 3.9000 |

| S.N. | Loan Types | Premium on Base Rate (%) |
|---|---|---|
| 1 | Agro-Production Loan | upto 2 |
| 2 | Livestock Loan | upto 2 |
| 3 | Fish Farming | upto 2 |
| 4 | Sauliyatpurna Karja (Interest Subsidy Related) | upto 2 |
| 5 | Yuba Swarojgar Karja | upto 2 |
| 6 | Cold Storage Loan | up to 2 |
| 7 | Agro-Tools Purchase Loan | upto 3 |
| 8 | Saral Krishi Karja (Except Interest Subsidy) | upto 5 |
| 9 | Wholesale Lending | up to 2 |
| 10 | Industry, Processing & Mines Loan | upto 3 |
| 11 | Hydropower and other Alternative Energy Loan | upto 3 |
| 12 | Service Loan | upto 3 |
| 13 | Home Stay Service Loan | upto 3 |
| 14 | Tourism Service Loan | upto 2 |
| 15 | Business Loan | upto 3 |
| 16 | Household Loan | upto 5 |
| 17 | Employee Service Loan | upto 2 |
| 18 | **Overdraft Loan** | |
| 18.1 | Individual | upto 5 |
| 18.2 | Institutional | upto 5 |
| 19 | Saral Thekkapatta Karja/Demand/ Contract Loan | upto 3 |
| 20 | Hypothecation Loan | upto 2 |
| 21 | **Home Loan** | |
| 21.1 | 5 Years | upto 2 |
| 21.2 | 10 Years | upto 2 |
| 21.3 | 15 Years and Above | upto 3 |
| 22 | **House Purchase Loan** | |
| 22.1 | 5 Years | upto 2 |
| 22.2 | 10 Years | upto 2 |
| 22.3 | 15 Years and Above | upto 5 |
| 23 | Land Purchase Loan | upto 3 |
| 24 | Business Complex and Housing Loan | upto 3 |
| 25 | Education Loan | upto 2 |
| 26 | Hire Purchase Loan | upto 2 |
| 27 | Auto Loan | upto 2 |
| 28 | Loan Against Gold and Silver | upto 4 |
| 29 | Loan Against Fixed Deposit Receipt | Coupon Rate Plus 2% |
| 30 | Loan Against Government and Other Securities | Coupon Rate Plus 2% |
| 31 | Margin Lending Loan | upto 2.50 |
| 32 | Consortium Financing | As per agreement |
| 33 | Bridge Gap Loan | As per agreement |
| 34 | TR Loan NPR | upto 1 |
| 35 | TR Loan USD | SOFR Plus Premium |
| 36 | Pre-shipment Loan | upto 1 |
| 37 | Post shipment Loan | upto 1 |
| 38 | Reconstruction Loan | As Per NRB Provisions |
| 39 | Advance on Credit | upto 3 |
| 40 | Salary Account Loan/Professional Loan | upto 2 |
| 41 | Mortgage Loan | upto 3 |
| 42 | Foreign Employment Loan | upto 3 |
| 43 | Subsidised Bagmati Province Loan | As per the Agreement with Province Government |
| 44 | Subsidised Lumbini Province Loan | upto 2 |
| 45 | Subsidised Karnali Province Loan | upto 2 |
| 46 | Subsidised Sudur Paschim Province Loan | upto 2 |
| 47 | Bayabsay Jiban Rakshya Karja (Gandaki Province ) | upto 3 |
| 48 | Short Term Loan | upto 2 |
| 49 | Value Chains for Inclusive Transformation of Agriculture (VITA) Loans | |
| 49.1 | Agriculture and Forest | As per the agreement with IFAD |
| 49.2 | Fishery | As per the agreement with IFAD |
| 49.3 | Agriculture, Forest, and Beverage Production | As per the agreement with IFAD |
| 49.4 | Transportation, Storage, and Communication | As per the agreement with IFAD |
| 49.5 | Wholesale and Retail Business | As per the agreement with IFAD |
| 49.6 | Finance, Insurance and Fixed Assets | As per the agreement with IFAD |

| S.N. | EMI Products | Fixed Rate (%) | Floating Rate Premium on Base Rate (%) |
|---|---|---|---|
| 1 | Agro tools | 12.27 | upto 2 |
| 2 | Home Loan | | |
| 2.1 | 5 years | 13.02 | upto 2 |
| 2.2 | 10 years | 13.27 | upto 2.5 |
| 2.3 | Above 10 years | 13.52 | upto 3 |
| 3 | House Purchase | | |
| 3.1 | 5 years | 13.02 | upto 2 |
| 3.2 | 10 years | 13.27 | upto 2.5 |
| 3.3 | Above 10 years | 13.52 | upto 3 |
| 4 | Land Purchase | 13.52 | upto 3 |
| 5 | Education Loan | 13.27 | upto 3 |
| 6 | Hire Purchase | 13.52 | upto 2.5 |
| 7 | Auto Loan | 13.52 | upto 2.5 |
| 8 | Salary Account Loan | 13.77 | upto 2.5 |
| 9 | Home Stay Service | 13.27 | upto 2.5 |

**Notes :**

- Interest Rates on Loan and Advances (Floating Rates) shall be adjusted as per the change in average Base Rate of previous three months.
- Effective Base Rate for the month of Aswin, 2080 could be obtained from our website www.adbl.gov.np .
- The Interest Rates (Fixed and Floating) for Endowment Fund (AkchyaKosh) would be determined based on mutual agreement.
- Interest Rates of working capital VITA Loans (Value Chains for Inclusive Transformation of Agriculture) will be as per the bank's own policy.
- Kindly contact our nearest branch or visit www.adbl.gov.np for further details.

# १७ करोडको स्वास्थ्य उपकरण कोठामा थन्किँदा...



**लुम्बिनी-** लुम्बिनी प्रादेशिक अस्पतालले विशेषज्ञ सेवासहितको सेवा प्रदान गर्दै आएको छ । यस अस्पतालमा बहिरंग (ओपिडी) विभागमा दैनिक बिरामीको परीक्षण र उपचार गर्ने क्षमता ५०० जति रहेको छ । तर यहाँ दैनिक दुई हजार ५०० सम्म बिरामी उपचारका लागि आउँछन् ।

अस्पतालमा विशेषज्ञ सेवासहित दुई दर्जनभन्दा बढी स्वास्थ्य सेवा उपलब्ध छ । अस्पतालमा स्वास्थ्य सेवाका लागि अधिकांश मुटु, मिर्गौला, पाचन प्रणाली, कलेजो, आन्द्रा र पेटको समस्या भएका बिरामीको संख्या अधिक रहेको छ । पछिल्लो समय मानिसको स्वास्थ्यमा जटिल देखिएका मुटु, पाचन प्रणाली, कलेजो, आन्द्रा र पेटको समस्या भएका बिरामीका लागि सहज, सुलभ र प्रभावकारी उपचारको व्यवस्था छैन । बिरामीको उपचारका लागि आवश्यक परीक्षण र उपचारकोसमेत सहज प्रबन्ध नहुँदा निजी तथा जिल्लाबाहिरका अस्पतालमा पुगेर महँगो सेवा लिनुपर्ने बाध्यता छ ।

यस्ता बिरामीको उपचारका लागि आवश्यक पर्ने करिब १७ करोड रूपैयाँभन्दा बढीमा खरिद गरिएका स्वास्थ्य उपकरण अस्पतालका कोठामा थन्काइएको छ । आवश्यक जनशक्ति र उपकरण सञ्चालनका लागि आवश्यक पर्ने थप उपकरणको व्यवस्था नहुँदा डेढ वर्षदेखि प्रयोगमा आउन सकेका छैनन् ।

पछिल्लो समय मानिसको स्वास्थ्यमा जटिल बन्दै गएको मुटुको स्वास्थ्य सेवा यस अस्पतालले सुरु गरेको छ । यो जटिल रोगका लागि अस्पतालमा विशेषज्ञ चिकित्सकले सेवा दिँदै आएका छन् तर मुटुको उपचारका लागि परीक्षण र थप उपचारका लागि महत्त्वपूर्ण मानिएको ‘ क्याथल्याब’ मेसिन विगत १० महिनादेखि अस्पतालको एउटा कोठामा थन्काएर राखिएको छ ।

लुम्बिनी प्रदेश सरकारले गत वर्ष करिब १० करोड रूपैयाँमा खरिद गरेर प्रादेशिक अस्पताललाई उपलब्ध गराएको मुटुको उपचारमा प्रयोग हुने ‘क्याथल्याब’ मेसिन सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन नहुँदा थन्किएको हो । यससँगै प्रादेशिक अस्पतालमा ‘ ग्यास्ट्रोइन्टेरोलोजिस्ट’को सेवा प्रदान गर्ने उद्देश्यले करिब डेढ वर्षअघि नै ‘इआरसिपी’ मेसिन र ‘मोटराइज्ड स्पाइलर इन्टेरोसेपी’ मेसिन पनि खरिद गरेर राखिएको छ । यी स्वास्थ्य उपकरणमध्ये ‘इआरसिपी’ मेसिन बिरामीको पित्त तथा कलेजोबाट निस्कने नलीको भागलाई रोग पहिचानका लागि हेर्ने दूरविनबाट हेर्ने र कुनै ठाउँमा पत्थरी रोकिएको रहेछ भने निकाल्ने तथा उपचार गर्ने प्रविधि हो । यस्तै ‘मोटराइज्ड स्पाइलर इन्डोसकोपी’ भने बिरामीको आन्द्राको पूरै भागबाट हेरेर रोग पत्ता लगाउने हो । यी उपकरण संघीय सरकारको विनियोजित बजेटबाट करिब छ करोड रूपैयाँभन्दा बढी लागतमा खरिद गरिएका हुन् ।

यी उपकरण सञ्चालनमा ल्याउन थप केही उपकरण आवश्यक पर्ने र ती उपकरण आएपछि जनशक्तिको व्यवस्थापन गरेर सञ्चालनमा ल्याइने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सुदर्शन थापाले बताए । आधुनिक प्रकारका यी उपकरणसहितको यो सेवा सञ्चालन गर्न ‘इआरसिपी,’ ‘इन्स्टर ोस्कोपी’ विषयमा तालिम लिएको डिएम ग्यास्ट्रोइन्टेरोलोजिस्ट आवश्यक हुन्छ ।

अहिले नयाँ समिति आएर यसका सरोकारवालासँग ताकेता गरेपछि अबको केही महिनामा ‘क्याथल्याव’ सञ्चालन ल्याउने गरी तयारी भएको अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले बताए । ‘क्याथल्याव’ सञ्चालनका लागि कार्डियोलोजिस्टसहितका स्वास्थ्यकर्मीको व्यवस्थापन भएको र यद्यपि आपत्कालीन अवस्थाको सेवा यसबाट तत्काल दिन सकिने अवस्था नभएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट थापा बताउँछन् । सामान्य प्रकारका बिरामीलाई उपचार गर्न मिल्नेगरी अबको तीन महिनासम्ममा ‘क्याथल्याव’ सञ्चालन गर्नेगरी जनशक्ति लगायतका प्रबन्ध भइरहेको मेसु थापाले बताए ।

‘मुटुको उपचार गर्ने विशेषज्ञ डाक्टरले केही समयदेखि सेवा दिइरहनुभएको छ, अझै एकजना विशेषज्ञ प्रदेश सरकारबाट प्रबन्ध हुँदै छ,’ उनले भने, ‘ प्रदेश लोकसेवा उत्तीर्ण गरेर आएका स्टाफ नर्सको जनशक्तिलाई थप तालिमको व्यवस्था गरेर ‘क्याथल्याब’ छिट्टै नै सञ्चालन गर्ने तयारीमा छौं ।’

हृदयाघात भएर सामान्य अवस्थामा फर्केका र हृदयाघातको सामान्य लक्षण देखिएका बिरामीको परीक्षण गर्नेगरी क्याथल्याब चलाउने तयारी भइरहेको मेसु थापाको भनाइ छ । ‘क्याथल्याब’ मेसिन सञ्चालनमा ल्याउँदा तत्काल ‘ एन्जिओप्लास्ट’ र ‘एन्जिओग्राफ’ को सेवा विस्तार गर्ने तयारीमा छौं,’ उनले भने, ‘यसबाट मुटुको ब्लक खोल्ने र पेसमेकर राख्नेसम्मको सेवा सञ्चालन हुनेछ ।’

सरकारले बिरामीको उपचारका लागि ‘ क्याथल्याब’ खरिद गरेर लामो समयसम्म पनि सञ्चालनमा आउन नसक्नुको मुख्य कारण आवश्यक जनशक्तिको अभाव रहेको प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयका सचिव डा. जनार्दन पन्थी बताउँछन् । उक्त सेवा सञ्चालनका लागि केही जनशक्ति व्यवस्थापन भइसकेको र अपुग थप जनशक्ति पनि प्रदेश सरकारका तर्फबाट व्यवस्थापनका लागि प्रक्रियाअघि बढिसकेकाले करिब छ महिनाभित्रमा सञ्चालन गर्नेगरी थप प्रक्रिया अगाडि बढाउन निर्देशन दिइसकेको सचिव डा. पन्थीले बताए । ‘म सचिवको जिम्मेवारीमा आएपछि क्याथल्याब सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको छु,’ उनले भने, ‘बजेट नपुग भएको भन्ने जानकारी भएपछि बजेटको प्रबन्ध गरेर पठाइ सकिएको छ, छिट्टै नै सञ्चालनमा आउनेछ ।’

सर्वसाधारणका लागि निःशुल्क ओपिडी सेवा, अति विपन्नलाई बेडमासमेत छुट र बिमाको प्रबन्ध गरिएकाले अहिले लुम्बिनी प्रादेशिक अस्पतालमा सर्वसाधारणको आकर्षण बढेको छ । यद्यपि नसर्ने प्रकारका गम्भीर रोगको परीक्षण र उपचार दुवै प्रभावकारी हुन सकिरहेको छैन । *रासस*

# ढोरपाटनमा मगर भाषा लोप हुँदै



**ढोरपाटन (बागलुङ)-** दशक अगाडिसम्म बागलुङको पश्चिम भुजीखोला क्षेत्रमा अधिकांशले मगर भाषा बोल्ने गर्दथे । पछिल्लो समय यहाँ मगर भाषा बोल्न छोडिएको छ । बूढापाकाले कहीँकतै बोल्ने गरेको सुनिए पनि युवापुस्तामा भाषाको ज्ञान नभएकाले भाषा नै लोप हुने अवस्थामा पुगेको स्थानीय बताउँछन् ।

पुर्खौंदेखि बोल्दै आएको भाषा हराउँदै गएपछि स्थानीयले संरक्षण गर्न सरकारसँग माग गरेका छन् । अहिले बागलुङको निसीखोला गाउँपालिका-५ र ६ मा मात्रै ‘मगर खाम भाषा’ बोल्ने गरिन्छ । त्यसबाहेक अन्य क्षेत्रमा मगर भाषा बोलेको पाइँदैन ।

भुजीखोलामा मगर भाषा बोल्न छोडेपछि परम्परागत मौलिक संस्कृति पनि हराउने जोखिम बढेको छ । ढोरपाटन नगरपालिका-९ का ८० वर्षीय भैरम बूढामगरले आफूहरूको भाषा हराउने अवस्थामा पुगेको भन्दै यसको संरक्षणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने बताए । बालबालिका विद्यालयमा जान थालेपछि भुजीखोला क्षेत्रमा बोलिने मगर भाषा हराउँदै गएको उनको बुझाइ थियो ।

‘हाम्रो पालमा स्कूल जाने, पढ्ने, लेख्ने जमाना थिएन, हामीहरू सानैदेखि गाई गोरु पाल्ने, गोठमा बस्ने र आफ्नै भाषामा बोल्ने गरियो, केही वर्षअघिसम्म गाउँमा धेरै जनाले मगर भाषा बोल्थ्यौं, यहीँ भाषामा गीत गाउँथ्यौं, अहिले मगर बोल्ने कोही पनि छैनन्, नयाँ पुस्ताले त झन् सिक्दै सिकेनन्,’ बूढामगरले भने, ‘१२/१५ वर्षअघिसम्म धेरै मानिसले मगर भाषा बोल्थे तर अहिले धेरैले बुझ्दैनन् । केटाकेटी विद्यालय जान थालेपछि भाषा पनि हराउँदै गयो, सरकारले भाषा संरक्षण गर्नतर्फ ध्यान दिन जरुरी छ ।’

ढोरपाटन नगरपालिका-४ देखि ९ सम्म बाक्लो मगर बस्ती छ । आधुनिक प्रविधिको विकास र अरुको देखासिकीका कारण आफ्नो मौलिक भाषा हराउँदै गएको बूढामगरको भनाइ छ । उनका अनुसार यस क्षेत्रमा बोलिने मगर भाषालाई स्थानीयले ‘भुजेल भाषा’ भन्ने गर्दथे ।

ढोरपाटन नगरपालिका-६ कि खिमकुमारी बूढामगरले भाषासँगै यहाँ मगर संस्कृति पनि हराउँदै गएकामा चिन्ता व्यक्त गरिन् । मगर जातिको भाषा र संस्कृति संरक्षणका लागि स्थानीय सरकारले ध्यान दिनुपर्ने उनको भनाइ थियो । अघिल्लो पुस्ताबाट अब नयाँ पुस्तालाई भाषा सिकाउनका लागि नगरपालिका र अन्य सरोकारवाला निकायले ध्यान दिनुपर्ने खिमकुमारीले बताइन् । भाषा एउटा समुदायको पहिचान भएकाले यसको संरक्षणमा सबैको पहल आवश्यक पर्नेमा उनले जोड दिइन् ।

‘पहिला सानोमा अरुले बोलेको सुनेर हामीले पनि मगर बोल्थ्यौं । अहिले कहीँकतै अरुले बोलेको सुनिँदैन, हामीले बोल्ने भाषा हराउँदै गएको छ, बूढापाकाबाहेक अरुले बुझ्दैनन्, केटाकेटीलाई सिकाउन पाए भाषा संरक्षण हुने थियो,’ खिमकुमारीले भनिन्, ‘भाषा सिक्नका लागि नगरपालिकाले सहयोग गर्नुपर्छ, विदेश जान भाषा सिक्न हुने आफ्नै भाषा सिक्न नहुने भन्ने हुन्छ र ?’

पश्चिम बागलुङको निसीखोला, तमानखोला र भुजीखोलामा दुई दशकअघिसम्म मगर भाषा बोलिने गरिए पनि पछिल्लो समय तमानखोला र भुजीखोलामा यो भाषा लोप भइसकेको छ । यस क्षेत्रमा बोलिने भाषालाई निसेल, भुजेल र झल्कोटे भाषा भनिन्छ ।

निसीखोला गाउँपालिकाले भाषा संरक्षणका लागि ‘मगर खाम भाषा’को पाठ्यक्रम बनाएर पठनपाठन सुरु गरेकाले यहाँ भने लोप हुने अवस्था नआएको स्थानीयको भनाइ थियो । ढोरपाटनमा पनि विद्यालय तहदेखि नै पाठ्यक्रम बनाउनुपर्ने स्थानीयको माग छ ।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले मगर भाषासँगै अन्य मौलिक संस्कृति पनि हराउँदै गएको भन्दै यसको संरक्षणका लागि पालिकाले योजना बनाएर अघि बढ्ने बताए । अहिले गाउँमा बूढापाकाले मौलिक भाष बोल्ने गरे पनि युवापुस्ताले नबुझ्ने उनको भनाइ थियो ।

भाषा जान्नेहरूबाट युवा र बालबालिकालाई सिकाउने वातावरण तयार गरिने उपप्रमुख कायतले बताए । ‘अहिलेका नयाँ पुस्ता कसैले पनि मगर भाषा बुझ्दैनन्, हामीले यो भाषाको संरक्षण गर्न जरुरी छ,’ उनले भने, ‘यसको संरक्षणका लागि विभिन्न समुदायसँग छलफल गरेर नयाँपुस्तालाई पनि मगर भाषा सिकाउने गरी योजना बनाएका छौं, भाषा संरक्षणसँगै हराउन थालेका अन्य संस्कार तथा संस्कृतिको पनि जगेर्ना गर्ने तयारीमा छौं ।’ *रासस*

## प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

चीनको छोङछिङ महानगरपालिकामा रहेको छोङछिङ एकेडमी अफ एग्रिकल्चरल साइन्सलगायत विज्ञान तथा प्रविधि विकासका क्षेत्रको अवलोकन गर्नेछन् । छोङछिङको भ्रमणपश्चात् नेपालसँग सिमाना जोडिएको चीनको तिब्बत स्वशासित क्षेत्रको भ्रमणमा जाने र त्यहाँका उच्चपदस्थ अधिकारीसँग भेटवार्ता गरी नेपाल फर्कने कार्यक्रम छ ।

प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलमा उनकी स्वकीय सचिवसमेत रहेकी छोरी गंगा दाहाल, सुरक्षा अधिकारी र सञ्चारकर्मीलगायत सहभागी छन् ।

**कार्यवाहक प्रधानमन्त्रीको जिम्मा खड्कालाई**

कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालाई दिइएको छ । प्रधानमन्त्री दाहाल संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको ७८औं महासभामा भाग लिन शनिबार त्यसतर्फ प्रस्थान गरेपछि खड्कालाई कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी दिइएको हो ।

प्रधानमन्त्रीको अनुपस्थितिमा उनले गर्ने दैनिक प्रशासनिक कार्य उपप्रधानमन्त्री तथा रक्षामन्त्री खड्काले सम्हाल्ने गरी जिम्मेवारी तोकिएको राष्ट्रपतिको कार्यालयले विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

## राजधानीमै...

पृष्ठ १ बाट जारी

रात्रिकालीन गस्तीमा प्रहरी परिचालित थिए । रातिको समयमा आपराधिक गतिविधि हुनसक्ने भएकोले त्यसलाई नियन्त्रण गर्न गस्ती गरिन्छ । तर, गैह्रीगाउँ हत्याकाण्डले त्यस्तो गस्तीको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ ।

एक जना प्रहरी अधिकृतका अनुसार प्रहरी वृत्त नयाँ बानेश्वरमा २८ वर्षीय दिनेश राई मध्यरातमा पुगेपछि मात्रै घटनाबारे प्रहरीले थाहा पाएको थियो । ‘गस्तीमा त थियो प्रहरी । दिनहुँ हुन्छ तर गैह्रीगाउँको घटनाबारे प्रहरीले गस्तीको क्रममा देखेन । थाहा पाएन,’ उनले भने, ‘दिनेश राई नाम गरेको युवक आएपछि थाहा भएको हो ।’

राई बानेश्वर प्रहरी वृत्तमा ट्याक्सी चढेर पुगेका हुन् । हातमा चोट भएका उनको लुगा र जुत्तामा रगत देखेपछि प्रहरीले उनलाई ‘शंकास्पद् व्यक्ति’ भनेर नियन्त्रणमा लिएको छ । उनी मदिरा सेवन गरेको अवस्थामा बानेश्वर वृत्तमा पुगेका हुन् ।

प्रवक्ता मैनालीका अनुसार ‘मेरो भाइ नवीनलाई मार्‍यो’ भन्दै दीपेन्द्र वृत्तमा पुगेका थिए । त्यसपछि सामान्य सोधपुछ गरेर प्रहरी घटनास्थलमा पुगेको हो । जतिबेला मिलमा दुई पुरुष र महिलाको शव यत्रतत्र छरिएको अवस्थामा प्रहरीले फेला पारेको थियो । मृतकहरूको टाउको, अनुहारसँगै शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार भएको पाइएको प्रहरीले बताएको छ ।

मिल दोलखाकै बालकृष्ण शिवाकोटीको हो । कुमार त्यहाँ झण्डै दुई दशकयता गेट पालेको रूपमा काम गर्दथे । श्रीमती अम्बिका पनि त्यही काम गर्थिन् । आमा शुभद्रा भने त्यहाँ शुक्रबार आइपुगेकी हुन् । उनलाई जेठी बुहारी अम्बिकाले बालुवाटारबाट ल्याएकी थिइन् । बालुवाटारमा शुभद्राका कान्छा छोरा बस्छन् । त्यहाँ श्रीमान्को श्राद्ध यही बिहीबार गरेर उनी शनिबार बिहानै दोलखा घर फर्किने तयारीमा थिइन् । तर, शुभद्रासहित मिलमा भएका सबैको हत्या भयो ।

प्रहरीले हत्या घटनाको अनुसन्धानका लागि तालिमप्राप्त कुकुरसमेत परिचालन गरेको छ । ‘घटनामा संलग्नलाई छिटो नियन्त्रणमा लिन भनेर तालिमप्राप्त कुकुर परिचालन गरेका छौं र हामी छिट्टै परिणाम देखिनेगरी अनुसन्धानमा जुटेका छौं । त्यसका लागि छुट्टै अनुसन्धान समिति गठन गरेका छौं,’ प्रवक्ता मैनालीले प्रभावसँग भने, ‘आइतबारसम्ममा परिणाम केही आउलान् ।’

हत्या घटनामा संलग्नलाई पहिचान गरी पक्राउ गर्नका लागि परिचालन गरिएको तालिमप्राप्त कुकुर भने कोटेश्वरदेखि जटिबुटी चोकको आकाशे पुल क्षेत्रसम्म मात्रै पुगेको थियो । त्यहाँदेखि कुकुर अल्मलिएको अनुसन्धानमा संलग्न एक जना अनुसन्धान अधिकृतले बताएका छन् ।

ती अधिकृतका अनुसार घटनामा संलग्न भएको आशंकामा भने प्रहरीले दिनेशबाहेक अन्य तीन जनालाई पनि नियन्त्रणमा लिएको छ । उनीहरूलाई काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट नियन्त्रणमा लिइएको हो । दिनेशसँगै उनीहरू पनि लागुऔषध प्रयोगकर्ता भएको खुलेको जनाइएको छ । प्रहरीले उनीहरूको नाम भने सार्वजनिक गरेको छैन ।

घटनाको अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरूले सामान्य रिसइबीका कारण घटना भएको हुनसक्ने निष्कर्षमा पुगेका छन् । किनभने मृतक शुभद्राकी कान्छी बुहारी चण्डिकाले दिनेश र कुमारकी श्रीमती अम्बिकाबीच करिब डेढ महिनाअघि खटपट भएको थियो । त्यसबेला अम्बिकाले रिसाउँदै दिनेशलाई ‘म भात पकाएर दिन्नँ’ भनेकी थिइन् । यसपछि दिनेशले कहिलेकाहीँ धम्की दिने गरेको अम्बिकाले आफूलाई भनेको चण्डिकाले बताएकी छन् ।

दिनेशका बुबा पनि सोही मिलमा पहिले काम गरेको खुलेको छ । उनी करिब एक वर्षअघि नै धनकुटा गएर बसेको पाइएको प्रहरीले जनाएको छ । बुबाले पहिले काम गरेको मिलमा आएका दिनेश काम नगरी बस्ने गरेको पनि चण्डिकाको भनाइ छ । मृतक नवीन दिनेशकै नातामा भाइ हुन् ।

## न्याय पाइयोस्...

पृष्ठ १ बाट जारी

‘अपराधीलाई सजाय दिइयोस् । त्यही हो मेरो माग,’ उनले प्रभावसँग भनिन्, ‘ त्यसरी मार्नैचाहिँ पर्दैनथ्यो ।’

घटनामा संलग्न भएको आरोपमा प्रहरीले २८ वर्षीय दीपेन्द्र राईलाई भने नियन्त्रणमा लिएको छ । उनले हत्या घटना भने स्वीकारेका छैनन् । प्रहरीले उनलाई घटनामा संलग्न ठानेको छ । तर, प्रहरी निष्कर्षमा पनि भने पुगेको छैन ।

घटनामा अरु पनि संलग्न हुनसक्ने विश्लेषणका आधारमा प्रहरी अनुसन्धानमा जुटिरहेको छ । सीमानाकामा प्रहरी तैनाथ गरिएको छ ।

**एसएसपीको नेतृत्वमा अनुसन्धान समिति गठन**

गैह्रीगाउँको सामूहिक हत्याकाण्ड अनुसन्धान गर्न नेपाल प्रहरीले पाँच सदस्यीय अनुसन्धान समिति गठन गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सोमेद्रसिंह राठौरको नेतृत्वमा अनुसन्धान समिति गठन गरिएको हो । समितिलाई घटनाको गहिरो अनुसन्धान गरेर सत्यतथ्य बाहिर ल्याउँदै संलग्नलाई कानुनी दायरामा ल्याउने कार्यादेश छ ।

समितिमा प्रहरी परिसर काठमाडौंका प्रहरी नायव उपरीक्षक (डिएसपी) हरि खतिवडा, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका डिएसपी सुवास खड्का, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयकी डिएसपी सुरक्षा केसी र प्रहरी वृत्त नयाँ बानेश्वरका प्रहरी निरीक्षक वीरेन्द्र केसी छन् । समितिले अनुसन्धान कार्य थालेको छ ।

**श्रीमान्को श्राद्धमा आएकी थिइन् शुभद्रा**

मध्यरातमा भएको गैरीगाउँ हत्याकाण्डमा परेकी ७६ वर्षीया वृद्धा शुभद्रा बिहान घर जाने तयारीमा थिइन् । पोकोपुन्तेरो पनि उनले ठिक्क पारेकी थिइन् ।

जेठो छोरा कुमारले उनका लागि दोलखा जान टिकटसमेत गरिदिएका थिए । तर, शुभद्रा जान पाइनन् । कुमार बसेको श्री दिव्य स:मिल्स काष्ठ उद्योगमै हतियारधारीहरूको आक्रमणमा ज्यान गुमाइन् ।

कान्छी बुहारी चण्डिकाका अनुसार श्राद्धका लागि उनी काठमाडौंमा यही २६ भदौमा आएकी थिइन् । आएपछि उनी बालुवाटारस्थित कान्छो छोरासँग बसेकी थिइन् । शुक्रबार (२९) गते घटनामा ज्यान गुमाएकीमध्येकी जेठी बुहारी अम्बिकासँगै गैरीगाउँस्थित काष्ठ उद्योगमा आएकी थिइन् । गैरीगाउँ आउनुको कारण दोलखा घर जान काउन्टर नजिक पर्नुले पनि हो । तर, वृद्धा शुभद्राले जेठा छोरा कुमार, बुहारी अम्बिका, मोरङको बेलबारीका नवीन राईसँगै ज्यान गुमाउनुपर्‍यो ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राजधानीमै असुरक्षित जनता

२० भदौका दिन भृकुटीमण्डपमा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि खुकुरी प्रहार भयो । रिपोर्टर्स क्लबको कार्यक्रममा सहभागी भएर निस्किँदै गर्दा उनीमाथि खुकुरी प्रहार भएको थियो । खुकुरी प्रहारबाट घाइते नेता यादव उपचाररत छन् । उक्त घटनाले राजधानीको सुरक्षा व्यवस्था चुनौतीपूर्ण रहेको भन्दै प्रश्न उब्जाएको थियो । तर उक्त घटना सेलाउन नपाउँदै फेरि अर्को पाशविक घटनाले उक्त प्रश्नमाथि थप पुस्टचाइँ गरेको छ ।

नेता यादवमाथि आक्रमण भएको १० दिनपछि शनिबार राजधानीको तीनकुनेस्थित गैह्रीगाउँमा चारजनाको सामूहिक हत्या भएको छ । यसले मुलुकको संघीय राजधानी काठमाडौंको शान्ति सुरक्षाको स्थिति नाजुक रहेको छर्लंग पारेको छ । एकै परिवारका तीनसहित चार जनाको हत्या हुँदा करिब ५०० मिटर दूरीमा रहेको बानेश्वर प्रहरी वृत्तमा रहेका प्रहरीले थाहा पाएनन् । करिब त्यति नै दूरीमा कोटेश्वर प्रहरी प्रभाग छ । यहाँ रहेका प्रहरी पनि नजिकै गम्भीर प्रकृतिको आपराधिक घटना घटिरहँदा बेखबर रहे ।

घटनामा ७६ वर्षीया शुभद्रा भुजेल, छोरा अन्दाजी ५५ वर्षीय कुमार भुजेल, बुहारी ५२ वर्षीया अम्बिका भुजेल र १९ वर्षीय नवीन राईले ज्यान गुमाए । भुजेल परिवार दोलखाको हो । नवीन भने मोरङको बेलबारीको रहेको खुलेको छ । उनीहरूको हत्या गैह्रीगाउँको दिव्य सःमिल काष्ठ उद्योग परिसरको एक तले जस्तापाताले छाएको टहरामा भएको हो । घटना मध्यरातमा भएको देखिन्छ ।

उपत्यकामा प्रहरीको रात्रिकालीन गस्ती दिनहुँ हुन्छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेशराज मैनालीका अनुसार शनिबार पनि रात्रिकालीन गस्तीमा प्रहरी परिचालित थिए । रातिको समयमा आपराधिक गतिविधि हुनसक्ने भएकोले त्यसलाई नियन्त्रण गर्न गस्ती गरिन्छ । तर, गैह्रीगाउँ हत्याकाण्डले त्यस्तो गस्तीको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ ।

जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउनु सरकारको दायित्व हो । संविधानले नै नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ । तर, सरकारका सुरक्षा निकाय जनताको जीवनरक्षा गर्ने जिम्मेवारीबाट चुकेको यी घटनाले प्रस्ट पार्दछ । राजधानीमै भइरहेका यस्ता घटनाले जनतामा त्रास उत्पन्न गराएको छ । यस्ता कार्य के कारण भइरहेका छन् भन्नेबारे यथार्थ छानबिन गर्न आवश्यक छ । घटनामा संलग्नहरूको पहिचान गरी तत्काल कारबाहीको दायरामा ल्याउनुपर्छ । जनतालाई सुरक्षाको अनुभूति दिलाउन सरकार र सुरक्षा निकायले कुनै कसर बाँकी राख्नुहुन्न । यस्ता घटना दोहोरिन नदिन सुरक्षा निकायले सतर्कताका साथ आफ्ना जनशक्ति परिचालन गर्नुपर्छ । शान्ति सुरक्षाको ग्यारेण्टी गर्ने जिम्मेवारी पाएको गृह मन्त्रालय र मातहतका निकायहरू यसमा गम्भीर भएर लाग्नुपर्छ । फेरि यस्ता हिंसात्मक घटना नदोहोरियोस् ।

# नेपाली र मैथिली भाषीबीचको सहअस्तित्व



हिमांशु चौधरी

नेपाली भाषामा मैथिली भाषाको गहिरो छाप परेको पाइन्छ । मैथिली क्षेत्रका स्थान नाम, वनस्पति, खानपिन, रहनसहन र दैनिक व्यवहारमा प्रचलित स्थानीय उपकरण बुझाउनेजस्ता शब्दहरु नेपाली भाषामा आएका छन् । प्राचीनकालदेखि नै मैथिलहरूले नेपाली सभ्यता, संस्कृति, धर्म र दर्शनमा योगदान दिँदै आएका छन् । राष्ट्र विभिन्न जाति, धर्म र भाषभाषीहरूको सहअस्तित्व, सामञ्जस्य र ऐक्यबद्धतामा आधारित छ । यसले परम्परागत अटल अखण्डता, राष्ट्रियता र एकतालाई सबलता प्रदान गरेको देखिन्छ ।

मलाई भरोसा छ, बड्का मान्छे बन्नुपर्दछ, मेरो घरको पजरामा बड्का गाछी छ, छोटकाले पुग्छ, मन खराब छ । यी वाक्यहरू हुन्- नेपाली र मैथिली भाषीको समृद्ध जीवनशैलीको । यस्ता कयौं वाक्य प्रचलनमा रहेका छन्, जसले दुवै भाषाभाषीको सामाजिक, सांस्कृतिक र भाषिक सहअस्तित्वको चिनारीलाई स्थायित्व प्रदान गर्दै एक सूत्रमा आबद्ध गर्ने वातावरण निर्माण गरिहेको छ ।

नेपाली र मैथिली भाषाभाषीले एकअर्काको संस्कृति र परम्परालाई स्वीकार गर्दै सामञ्जस्य र आपसी सद्भावपूर्ण सामाजिक जीवन व्यतीत गरी संस्कृतिको अविभाज्य अंग भइरहेका छन् । संस्कृति जिन्दगीको एउटा तरिका हो, जो शताब्दीयौंदेखि जम्मा भएर समाजमा व्याप्त रहन्छ भन्ने मान्यताअनुरूप यस भेगमा बसोबास गर्ने मिथिलाञ्चलमा दुवै भाषाभाषी एकअर्काबीच सांस्कृतिक र धार्मिक परम्पराहरूमा मात्र नभएर भाषामा पनि प्रभावित छन् ।

मैथिलीभाषीले आपसमा कुरा गर्दा नेपाली शब्दको पनि प्रयोग गर्ने गरेको पाइन्छ । मैथिली भाषामा बोल्दा 'हमरा मालपोत जायके छै' र नेपाली भाषामा बोल्दा 'मेरो घरको पजरामा बड्का गाछी छ'लाई उदाहरणका रूपमा लिन सकिन्छ । त्यस्तै उखानमा मैथिली भाषामा 'उँटके मुँहमे जीरा, कुप नआबए पथिकके पास, अपने नीक त आनो नीक' र नेपालीमा 'हात्तीको मुखमा जीरा, खोला आउँछ कि तिर्खा ? आफू भलो त जगतै भलो' जस्ता उखान मननयोग्य रहेको छ ।

मिथिला र नेपाल उपत्यकाको सांस्कृतिक सम्बन्ध अत्यन्त प्राचीन रहेको छ । मुसलमानी आक्रमणको बेला मिथिलाको अनेक विद्वान परिवार आफ्नो एवं हस्तलिखित ग्रन्थको रक्षा तथा जीवन निर्वाहका लागि नेपालतर्फ प्रवेश गरेका थिए । मल्ल राजा जयस्थिति मल्लले सामाजिक वर्गीकरण र वर्णाश्रम धर्मलाई कायम गर्न मिथिलाका विभिन्न विद्वानसँग सहयोग लिएको पनि पाइन्छ । मल्लकालमा राजाहरू स्वयं मैथिली साहित्य र परम्पराको विकासका लागि ठूलो योगदान पुऱ्याएको कुरा मल्ल राजाहरूले लेखेका नाटक, भक्ति गीत संग्रहहरूले प्रमाणित गरेका छन् । इतिहासहरूको अध्ययनबाट काठमाडौं उपत्यकामा कर्णाट वंशका तीनपुस्ता राजाहरूले झण्डै ९० जति राज्य गरेको र सो अवधिमा काठमाडौं उपत्यकाका तीनै राज्य- कान्तिपुर, ललितपुर र भक्तपुरमा मैथिली भाषाको प्रचारप्रसार निकै भएको पाइन्छ ।

कर्णाट वंशीय राजा हरसिंहदेव देव संगीत कलाविद् थिए । उनी सन् १३२४ ई मा गयासुद्दिन तुगलकबाट पराजित भई जंगल हुँदै सेन्यवलसहित काठमाडौं उपत्यका पुगेका थिए । पछि भक्तपुर क्षेत्रमा राज्य स्थापना गरेपछि त्यस क्षेत्रमा मैथिली भाषा र संस्कृतिले व्यापकत्व ग्रहण गरेको इतिहास पनि छ । लिच्छवी र मल्लकालसम्म मैथिली भाषाको राम्रो कदर भएको थियो । अहिले राजनीति, स्वार्थ, भ्रान्तिको सिकार भई उपेक्षितजस्तै देखिन्छ ।

नेपालीभाषीले मैथिली शब्दको प्रयोग र मैथिलीभाषीले नेपाली शब्द प्रयोग गरिरहेको अनेकौं दृष्टान्त छ । जस्तो कि नेपाली र मैथिली भाषाभाषीले माझ, लागि, सुन, मारी, ओठ, मीत, बाँधी, फोका, भल, ठाम, तल, हाट, बेल, भिन, जतन, निहुरी, जीउ, लावा, मारीलगायतका शब्दहरू परस्परमा प्रयोग गरिरहेका छन् । सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लामा मैथिली र नेपाली भाषाभाषीबीच शब्दको निकटता देखिन्छ । वस्तुतः मैथिली भाषाले मैथिली भाषाभाषीलाई जातीय व्यक्तित्व र पहिचानमात्र प्रदान गरेको छैन, राष्ट्रकै साहित्य र संस्कृतिलाई समृद्ध तुल्याएको छ ।

एकीकरणपछि उपत्यका र यस क्षेत्रका बीच सांस्कृतिक र धार्मिक निकटता कायम भयो । उपत्यका र अन्य पहाडी भेगबाट अनेक नेपाली भाषाभाषी यस क्षेत्रको समतल फाँटमा कृषिकर्म वा जागिरेका रूपमा बसाइँसराइका क्रममा आएर बसोबास गर्न थाले । हाल यस क्षेत्रमा मैथिली भाषाभाषीमात्र नभएर नेपाली भाषाभाषीको पनि आधिक्य रहेको छ । प्राचीनकालदेखि नै मिथिलामा वर्णाश्रम धर्म अस्तित्वमा रहेको देखिन्छ । देवी-देवताहरूमा शिवशक्ति तथा विष्णुलाई कालान्तरमा राम र सीता आदिलाई पनि देवदेवीका स्वीकार गरेर पूजा गर्ने परम्परा पाइन्छ । धार्मिक परम्पराको प्रभावले नेपाली भाषाभाषीहरूमा शिवप्रति विशेष श्रद्धा रहेको र प्रत्येक वर्ष वैद्यनाथ धाममा जल चढाउने आस्था देखिन्छ । वेशभूषा र खानपानको सम्बन्धमा पनि मैथिली भाषाभाषीबाट यस क्षेत्रका नेपाली भाषाभाषीहरू प्रभावित छन् ।

नेपाली भाषामा मैथिली भाषाको गहिरो छाप परेको पाइन्छ । मैथिली क्षेत्रका स्थान नाम, वनस्पति, खानपिन, रहनसहन र दैनिक व्यवहारमा प्रचलित स्थानीय उपकरण बुझाउनेजस्ता शब्दहरू नेपाली भाषामा आएका छन् । प्राचीनकालदेखि नै मैथिलहरूले नेपाली सभ्यता, संस्कृति, धर्म र दर्शनमा योगदान दिँदै आएका छन् । राष्ट्र विभिन्न जाति, धर्म र भाषभाषीहरूको सहअस्तित्व, सामञ्जस्य र ऐक्यबद्धतामा आधारित छ । यसले परम्परागत अटल अखण्डता, राष्ट्रियता र एकतालाई सबलता प्रदान गरेको देखिन्छ ।

नेपाली साहित्यका मनोवैज्ञानिक प्रवर्तक बिपी कोइरालाका कथाहरूमा पनि मैथिली भाषाका शब्दको प्रयोग गरिएको पाइन्छ । मनौती, तडका, पछवरिया धार, पुरवरिया धार, डाइन, रे छौडा, गे छौडी, मचान, खरिहान, ओरहाजस्ता शब्दको प्रयोग गरिएको छ । त्यस्तै पात्रहरूमा लेलहा, फगुनी, मुनरिया, बतहिया चमाइन, जमुनिया, किसना, सुवसियाजस्ता मैथिलीभाषी पात्रको संयोजन र नामकरण गरेका छन् । कोइरालाले गाछ तर, दाँती लागब, कर्चीक टाटी खरजस्ता शब्दको प्रयोग गरेका छन् । नरेन्द्र दाइ उपन्यासमा चैत हे सखी फूलल बेली, करत मधु गुजार हो, भवरा करत गुजार हो जस्ता मैथिली भाषाको लोकगीतलाई स्थान दिइएको छ ।

यस प्रकारको क्रमले परस्परमा सामाजिकता ग्रहण गरेको फलस्वरूप यस भेगका स्थानीय पोसाक धोती र कमिज नेपाली भाषाभाषी समुदायमा लोकप्रिय रहेको र यसका साथै नेपाली भाषाभाषी महिलाले आफ्नो पारम्परिक पोसाक गुन्यू, साडी, चोलो र पटुका त्यागेर विशेष प्रकारले साडी र चोलो लगाउने चलन रहेको छ जुन यस भेगका मैथिली भाषाभाषी महिलाले लगाउने गरेको प्रभाव हो । घरमा आएका पाहुनालाई विभिन्न प्रकारका अचार, तरकारी र स्वादिष्ट भोजनद्वारा स्वागत गर्नु मैथिल समाजको विशेषता रहेको छ । मैथिल गृहिणी पाक कलामा ज्यादै दक्ष हुने र विभिन्न प्रकारका अचार, चटनी र तरकारीलाई तारेर अतिथिलाई स्वादिष्ट र रूचिकर भोजनद्वारा सत्कार गर्न सिपालु हुन्छन् । यसको प्रभावस्वरूप यहाँका नेपाली भाषाभाषी परिवारमा पनि विभिन्न प्रकारका तरकारीलाई तारेर अतिथिलाई भोजन गराउने परम्परा रहेको देखिन्छ ।

मैथिल समाजमा विभिन्न प्रकारका ठटचौली परम्परा पनि छ । भिनाजु र साला, देवर र भाउजु, साली र भिनाजुबीच ठट्टा र ख्याल गर्ने चलन छ र यो चलन यहाँका नेपाली भाषाभाषीमा पनि रहेको पाइन्छ । विवाह तथा चाडपर्वका अवसरमा मैथिली भाषाभाषी महिलामा मेहदीले हात खुट्टा सिंगार्ने चलन लोकप्रिय रहेको छ भने यो चलन नेपाली भाषाभाषीहरूमा पनि उत्तिकै लोकप्रिय रहेको बताइन्छ ।

यस्तै विभिन्न संस्कारअन्तर्गत चुडाकर्म, यज्ञोपवित, विवाह आदिमा दुवै भाषाभाषीमा मातृका पूजा गर्ने चलनसमेत रहेको छ । नवरात्रिका अवसरमा आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुवै समुदायमा नवदुर्गाको व्रत घटस्थापना गरेर नियमित पूजा गर्ने र दुर्गा सप्तशतीको पाठ गर्ने चलन पनि छ । विजयादशमीका दिन मातापिता तथा मान्यजनबाट जमरासहितको टीका ग्रहण गर्ने दुवै समुदायमा चलन रहेको पाइन्छ । साथै दीपावली दुवै समुदायले समानले मनाउने परम्परा रहेको छ । भाइटीकाका दिन दिदीबहिनीहरूले व्रत लिएर दाजुभाइको दीर्घायुका लागि निधारमा टीका लगाइदिने परम्परा पनि दुवै समुदायमा पाइन्छ । यस अवसरमा एकअर्काको परम्परालाई स्वीकार गर्दै मैथिली भाषाभाषी परिवारमा पनि सेल र नेपाली भाषाभाषी परिवारमासमेत अनरसाजस्ता पकवान बनाउने चलन पनि रहेको छ । छठ मनाउने परम्परा विशुद्धरूपले मैथिल समाजमा प्रचलित भए पनि नेपाली भाषाभाषीहरूले यस क्षेत्रमा बसोबास गर्न थालेपछि यसबाट प्रभावित भएर छठ मनाउन थालेका छन् ।

नेपाली भाषाभाषी विवाहित महिलाहरूमा पोते लगाउने परम्परा ज्यादै लोकप्रिय रहेको छ । यो परम्परा हाल मैथिली भाषाभाषी महिलाले पनि स्वीकार गरेको देखिन्छ, जुन यस भेगमा नेपाली भाषाभाषी परम्पराको प्रभाव प्रस्ट हुन्छ । यसका अतिरिक्त अन्य अनेकौं यस्ता परम्परा र पर्व छन् जुन मैथिली र नेपाली भाषाभाषीहरूमा समानरूपले लोकप्रिय रहेको र दुवै समुदायले संयुक्तरूपमा मनाउने गरेको पनि पाइन्छ । उपत्यकाका नेवार कन्याहरूको पुरूषसँगको विवाहभन्दा पहिले बेलसँग विवाह गर्ने चलन छ भने यहाँका मैथिल ब्राह्मण र कायस्थ कन्याहरूको पनि पुरूषसँगको विवाहभन्दा पहिले आँप र महुवाको रूखसँग विवाह गर्ने चलन रहेको छ ।

त्यस्तै माघी पर्व, तीज, फागु, श्रीपञ्चमी, शिवरात्रि, चौरचन, जुडशीतल रामनवमी, विवाहपञ्चमी, रक्षाबन्धनजस्ता पर्वले दुवै भाषाभाषीका परिवारले मनाउने गरेको घनिष्टतालाई पुष्टि गरिरहेको छ । मैथिलको विवाहमा स्वयम्बरको परम्परा लोकप्रिय हुँदै गएको छ, जसलाई नेपाली भाषाभाषीकै प्रभाव मानिएको छ । यी तथ्यहरूले राष्ट्र भन्नु नै जनसमूहको एक परिधि हो, राष्ट्रियता राष्ट्रमा बस्ने जनताको एकीकृत भावनालाई उजागर गर्दछ । विभिन्न भाषाभाषीको उत्थान, कला संस्कृतिको मान्यता एवं साहित्यिक अभिवृद्धिमा योगदान दिएर बटुलिएका भावनात्मक सहयोगले राष्ट्रियताको मूल्य र मान्यतालाई सुदृढ बनाएको देखिएको छ । *रासस*

*(लेखक पत्रकार तथा मैथिली साहित्यका जानकार हुन्)*

## मननयोग्य

### चाणक्य नीति

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित समाज यस सभामा तपाईहरूको दर्शन भयो यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् ।

यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तककद्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- 'म मगधका नागरिकका तर्फबाट सोच्छु के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगध सम्राट् चन्द्रगुप्तको विवाह गरिदैछ ? यो अधर्म हो, सन्तान वर्ण सङ्कट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन ।

यस कुराले सबैलाई बल मिल्यो सबैने साहस गर्दै भने- ' हो यो विवाह हुन सक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं ।

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आंखीभी चल्न लागे । आफैलाई रोक्त गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईहरूसँग सोध्न चाहन्छु के धर्मको अर्थ विनाश हो ?

धर्म त्यहीं हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन । धर्मको काम हो तोड्नु होइन हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ ।'

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ । त्यसलाई प्रेम र आदर गर्नुहुन्छ । तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ । भारत वर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्मांधन्ताले गर्दा पण्डित समूह ले केही सम्झेनन् । रिसाउदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय यो विवाह हुनै सक्दैन ।' क्रमशः

## पत्र-मञ्जुषा

# आर्थिक भार कम गर्न अर्थमन्त्रीको 'एक्सन' खाँचो

जोसँग काम गर्ने क्षमता हुँदैन, ऊ जहिले पनि आफ्नो कमीकमजोरी लुकाउनतिर लाग्छ । विगतका हुन् या वर्तमानका मुलुकमा जति पनि अर्थमन्त्री बने तिनका काम गर्ने क्षमता सबैले देखि नै सकेका छन् । विभिन्न राजनीतिक दलबाट अर्थमन्त्री आए, गए तर कसैले देशको आर्थिक अवस्थालाई उकास्न सकेनन् । हाल नेपाली कांग्रेसको अर्थमन्त्री छ । योभन्दा अगाडि पनि पटक-पटक कांग्रेसबाट अर्थमन्त्री बनिसकेका छन् ।

यद्यपि, कसैले काम गर्न सकेनन् । किन कि अर्थमन्त्रीहरूसँग योजना नै छैन । अर्थको विषयमा ज्ञान नै नभएकालाई अर्थमन्त्रीजस्तो महत्त्वपूर्ण पदमा राखिदिएपछिको परिणाम त प्रस्टै देखिएको छ । एक ठाउँको पानीको मूल सुकेपछि अर्को खोजिन्छ । अर्थमन्त्रीहरू नयाँ राजस्वको स्रोत खोज्दैन्, त्यही पुराना स्रोतले कहिलेसम्म धान्छ ? मुलुकको विकास र सरकारी खर्च धान्नका लागि राजस्व एकदमै आवश्यक छ ।

तर, हामीकहाँ राजस्व उठाउने स्रोतको खोजी नै गरिँदैन । सरकारी खर्च बढिरहँदा राजस्व झन् कम-कम उठिरहेको अवस्था छ । सरकारले तीनवटा क्षेत्रमा कर बढाइदिने हो भने यहाँ राजस्वको ओइरो लाग्थ्यो । राजस्व त्यस क्षेत्रमा बढाउनुपर्छ, जहाँ जनताको सबैभन्दा धेरै लगानी छ । सरकारले थोरै मात्र अध्ययन गर्ने हो भने कर उठाउन गाह्रो छैन । देशमा यत्रो स्थानीय तह भएको के काम ?

खर्च बढाउनमात्र त संघीयता ल्याएको होइन होला ? वडा, गाउँपालिका, नगरपालिकाले राजस्व उठाउनतर्फ चासो देखाउनुपर्‍यो । सरकारले १० लाखभन्दा माथि लगानी भएको घरजग्गाबाट कर उठाउने निर्णय गर्नुपर्‍यो । जनताको सबैभन्दा धेरै लगानी घरजग्गामा छ । जो हेर्‍यो, घरजग्गामै लगानी गर्ने । विदेश जाने होस् या सरकारी जागिर खाने, जग्गा किन्ने अनि घर बनाउने सोच राख्छन् ।

तर राज्यले यहाँबाट के पाइरहेको छ ? एउटा घरमा करोडौंको लगानी छ । त्यसबापत घरघनीले राज्यलाई राजस्व त तिरेका छैनन् । घर भाडामा लगाएर मासिक लाखौं भाडा उठाइन्छ । राज्यले न आम्दानीको राजस्व पाउँछ न लगानी । एउटा घर बनाएपछि सयौं वर्षसम्म जाँच गरिँदैन । घरको अवस्था नाजुक भइसकेको हुन्छ, तैपनि मान्छे बसिरहेका हुन्छन् ।

सरकारले गाडीझैं घर पनि प्रत्येक छ महिनामा जाँच गर्ने निर्णय गर्नुपर्‍यो । स्थानीय तहका प्राविधिक ल्याएर जाँच गर्ने हो भने दुईटा फाइदा हुन्छ- एउटा त राज्यको ढुकुटीमा राजस्वको ओइरो लाग्छ, अर्को इञ्जिनियरहरूले पनि काम पाउँछन् । घरधनीहरूले व्यक्तिगत स्वार्थका लागि घर ठड्याएका छन् । राज्यले घाटा बेहोरिरहेको अवस्था छ ।

पहिलो त घरधनीहरूले खेतीयोग्य जग्गा मासेर घर बनाएका छन् । जसले गर्दा मुलुकमा खाद्यान्नको संकट देखिएको छ । कृषियोग्य जमिनलाई कंक्रिटमा परिणत गरेर मुलुकलाई आयातमुखी बनाउनुमा घरधनी र जग्गा दलालहरूको धेरै योगदान छ । व्यापार घाटा उकालो लागिरहेको छ । अर्को त घरधनीहरूले राज्यलाई राजस्व पनि छलिरहेका छन् । एक करोडमा घर बनाउने अनि तीन करोडमा बेच्ने धन्दाले मुलुकमा व्यापकता पायो ।

दुःखै नगरी रातारात करोडौं नाफा हुने भएपछि कसले घरजग्गामा लगानी गर्दैन ? अहिले घर व्यापारको थलो बनेको छ । घर बनाएर कोठाभाडामा लगायो भने पनि बसीबसी खान पुग्छ भन्ने सोच सर्वसाधारणमा देखिएको छ । राजस्व उठाउने अर्को राम्रो स्रोत भनेको निजी सवारीसाधन हो । सार्वजनिकभन्दा धेरै त निजी प्लेटका गाडी बाटोमा गुड्छन् । तर, राज्यलाई त निजी प्लेटका गाडीबाट केही फाइदा छैन । निजी प्लेटको एउटा गाडीमा तीन लाखदेखि २५ करोड रूपैयाँसम्म लगानी गरिएको छ । तर, राज्यले त केही पनि पाएको छैन । निजी प्लेटको सवारीसाधनको पनि जाँचपास, रोड पर्मिट नवीकरण र प्रदूषण जाँच गर्ने निर्णय गर्न ढिला भइसकेको छ ।

यातायातमा लामो समयदेखि सिण्डिकेट छ । सिण्डिकेटका कारण यात्रुले सास्ती खेप्नुपरेको छ । कालो प्लेट होस् या हरियो प्लेट, ट्याक्सीमा तीन दशकदेखि सिण्डिकेट छ । फो-स्टकको मिटरजडित टेम्पोको दर्ता खोल्न पनि सरकारले चासो देखाएको छैन । कालीमाटी फलफूल तथा तरकारी बजारमा चल्ने ढुवानी गाडीमा पनि सिण्डिकेट छ । सरकारले अब यातायातमा भएको सिण्डिकेट तोड्नुपर्‍यो

अब अर्थमन्त्री 'एक्सन' मा उत्रिनुपर्‍यो । विदेशी ऋण मिनाहाका लागि पहल गर्नुपर्‍यो । सरकारी खर्च कटौती गर्नुपर्‍यो । कर्मचारी देशविदेश घुम्ने क्रमलाई पनि रोक लगाउनुपर्‍यो । जनप्रतिनिधिलाई तलबभत्ता बन्द गर्नुपर्‍यो । राज्यमाथिको आर्थिक भार कम गर्नुको विकल्प छैन । अर्थमन्त्री डा. प्रकाशशरण महतले यो काम नगर्ने हो भने मुलुकको अर्थतन्त्र झन् डामाडोल बन्ने निश्चित छ ।

**– *विकास लामा, बौद्ध***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**फोहोर व्यवस्थापनमा चुनौती** | स्याङजाको गल्याङ नगरपालिका-३ छर्तिघाटमा नगरपालिकाले निर्माण गर्न लागेको फोहोर व्यवस्थापन केन्द्र । उच्च अदालत पोखराले छर्तिघाटमा फोहोर विसर्जनसहितका सबै काम रोक्न अन्तरिमकालिन आदेश दिएको छ । *तस्बिर: नारायण विक/रासस*

बाल कचहरी

# बालअधिकार संरक्षणका लागि ११ बुँदे घोषणापत्र जारी

**बेनी (म्याग्दी)-** म्याग्दीको मालिका गाउँपालिकामा बालअधिकारको सुनिश्चितता, संरक्षण तथा प्रवर्द्धन गर्न ११ बुँदे 'मालिका गाउँपालिका घोषणापत्र' जारी गरिएको छ । राष्ट्रिय बाल दिवसका अवसरमा मालिका-६ दरबाङस्थित जनप्रिय माध्यमिक विद्यालयमा आयोजित बाल कचहरीबाट उक्त घोषणापत्र जारी गरिएको हो ।

जिल्लास्थित सामाजिक विकास कार्यालय र गुड नेवर्स इन्टरनेसनल नेपालको आर्थिक सहयोगमा जनप्रिय माविमा रहेको जनप्रिय बाल क्लबको आयोजना, मालिका गाउँपालिकाको समन्वय र संगम म्याग्दीको सहजीकरणमा आयोजित बाल कचहरीमा गाउँपालिकाका जनप्रतिनिधि, सरोकारवाला र विद्यार्थीबीच बालअधिकारको अवस्था, बालमैत्री वातावरणको आवश्यकता र बालबालिकाको संरक्षणको सन्दर्भमा बहस भएको थियो ।

उक्त छलफल तथा बहसपश्चात् सम्पूर्ण सरोकारवालाले बालअधिकारका चार स्तम्भमध्ये बाँच्न पाउने, संरक्षणको, विकासको र सहभागिताको अधिकार नैसर्गिक अधिकार भएकाले यिनको परिपालना र कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरेका विद्यालयका प्रधानाध्यापक दिवाकर सुवेदीले जानकारी दिए । उनका अनुसार घोषणापत्रमा बालविवाह, विभेद, बालमजदुरजस्ता सामाजिकविरुद्ध सामूहिक आवाज उठाउन र त्यस्ता घटनाको न्यूनीकरणमा कटिबद्ध भएर लाग्ने प्रतिबद्धता जनाइएको छ ।

विद्यालयमा बालमैत्री वातावरण निर्माणमा विशेष जोड दिने, विभिन्न भौतिक संरचना निर्माण गर्दा बालमैत्री बनाउने, प्रविधिमैत्री शिक्षामा जोड दिइनेलगायत विषय घोषणापत्रमा उल्लेख गरिएको प्रधानाध्यापक सुवेदीले बताए ।

बाल बचहरीमा सहभागी विद्यार्थीले सरकारले विद्यालयमा उपलब्ध गराएको सेनेटरी प्याड गुणस्तरहीन रहेको, बालविवाह न्यूनीकरण हुन नसकेको, विद्यालयका संरचना बालमैत्री बन्न नसकेको, विद्यालयका क्यान्टिनमा पोषणयुक्त परिकार बन्न नसकेको गुनासो गरेका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले महिनावारीको समयमा सरसफाइ व्यवस्थापनका लागि उपलब्ध गराइँदै आएको सेनेटरी प्याडको निरन्तररूपमा गुणस्तर अनुगमन गर्ने र गुणस्तरीय प्याड उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

'बिहेवारी २० वर्ष पारी' भन्ने मूल नारालाई आत्मसात् गर्दै बालविवाहजस्तो सामाजिक कुसंस्कार तथा कानुनी अपराधको विरुद्ध एकजुट भएर लाग्न आवश्यक रहेकामा जोड दिँदै उनले शैक्षिक गुणस्तर वृद्धि गर्न भौतिक कक्षा सँगसँगै अनलाइन कक्षा र प्रविधिमैत्री शिक्षामा जोड दिइने बताए । बाल कचहरीमा सरोकारवालाबाट प्रतिबद्धता भएर जारी भएको घोषणापत्रलाई आगामी दिनमा व्यावहारिकरूपमा कार्यान्वयनमा लैजान निरन्तर पैरवी गर्ने गुड नेवर्स इन्टरनेसनल नेपालका जिल्ला परियोजना संयोजक रमेश बुढाले जानकारी दिए । *रासस*

# मधेसमा 'मुटु' छामिरहेका डा. निश्चल

■ **टीकाराम सुनार/निरञ्जनकुमार साह**

**जनकपुरधाम-** यही भदौ ५ देखि प्रादेशिक अस्पताल जनकपुरधाममा मुटुरोगको उपचार सेवा सुरु भयो । उक्त सेवा सुरु भएपछि अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले भनेका थिए, 'जनशक्ति अभावले लामो समयदेखि मुटुको परीक्षण गर्ने इण्डोस्कोपी मेसिन थन्काइएकोमा शिक्षण अस्पताल महाराजगञ्जबाट चिकित्सक डा. निश्चल साह आएपछि मुटुको उपचारसम्बन्धी सेवा सुरु भएको छ । अब अस्पतालमा आइतबारदेखि शुक्रबारसम्म ओपिडी सेवा सञ्चालन हुनेछ ।'

डा. पण्डितको भनाइमा लय मिलाउँदै डा. साहले पनि भनेका थियो, 'मुटुको सम्पूर्ण अवस्थाका विषयमा इसिजी तथा इण्डोस्कोपी गरेर जानकारी लिन सकिनेछ । अब गम्भीर प्रकृतिका उपचार (शल्यक्रिया) पनि अगामी दिनमा सुरु गर्नेछौं । अहिले उपलब्ध स्रोतसाधनबाट गुणस्तरीय सेवा दिनेगरी प्रादेशिक अस्पतालबाट सेवा सुरु गरेका छौं ।'

वि.सं. २०१३ मा स्वतन्त्र नागरिक अधिकारकर्मी र धार्मिक व्यक्तिको पहलबाट स्थापित र वि.सं. २०१८ मा सरकारी अनुदान र २०२४ सालमा १५ शयचाको अस्पताल (जानकी पब्लिक अस्पताल) बाट सेवा सुरु भएको प्रादेशिक अस्पतालमा करिब छ दशकपछि मुटुरोग उपचारको जिम्मा अहिले तीनै कान्छा डाक्टरमध्येका साहमा आइपरेको छ ।

धुलिखेल अस्पतालबाट सन् २०१५ मा एमबिबिएस र त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जबाट हालैमात्र मुटुरोगसम्बन्धी विषयमा विद्यावारिधि (डिएम) गरेका डा. साह मुटुरोगमा डिएम गर्ने कान्छो पुस्ताका एक प्रतिनिधि हुन् । ती कलिला डाक्टर साहले अहिले दैनिकजसो जनकपुर र यस क्षेत्रका 'मुटुहरू' छामिरहेका छन् ।

**"मधेसका मुटु छाम्न आए"**

सन् २०१५ मा एमबिबिएस पूरा भएदेखि नै डा. साहले काठमाडौंमा रहेर धेरै मानिसका मुटु छामिसकेका छन् । उनले पछिल्लो तीन वर्ष मुटुरोगमा विद्यावारिधि (डिएम) गर्ने क्रममा अध्ययनसँगै त्रिवि शिक्षण अस्पतालमा काठमाडौंका हजारौं मानिसका मुटु जाँचे ।

काठमाडौं र मधेसमा बस्ने मानिसका मुटु एउटै छन् कि फरक ? हामीले सोधेको प्रश्नमा मन्द मुस्कानसहित डा. साहले भने, 'मुटु त जहाँ बस्ने भए पनि एउटै त हो । तर भूगोल, खानपिन र जीवनशैलीअनुसार मुटुरोगको प्रकृति एउटै हुँदैन । हुन त काठमाडौंमा पनि मुटुमा समस्या महसुस भएपछि नै अस्पताल आउने हुन्, यहाँ त मुटुमा धेरै समस्या भएपछि आउँछन् । फरक त्यसैमा छ ।'

अनि काठमाडौं र मधेसमा मुटुरोगमा के फरक पाए ? हाम्रो प्रश्न सकिन नपाउँदै उनले भने, 'सहरमा धेरै मुटुरोग मोटोपनका कारण हुन्छन् । अव्यवस्थित जीवनशैलीले मुटुरोगीको संख्या धेरै बढाएको छ तर यहाँ मोटोपनसँगै जनचेतनाको अभाव, खानेकुरामा हेलचेक्र्याइँ, नुनिलो, चिल्लोपिरो, तारेको धेरै खाने कारणले मुटुरोगी बढिरहेका छन् । यहाँको सबैभन्दा ठूलो समस्या रोगले च्यापेपछि मात्रै अस्पताल धाउने र डाक्टर खोज्नेमा छ ।'

डा. साहले हाल प्रादेशिक अस्पालतामा दैनिक २५ देखि ३० जना मुटुरोगीको जाँच गरिरहेका छन् । त्यसक्रममा काठमाडौंबाट मधेस झर्दै गर्दा गरेको कल्पनाभन्दा वास्तविकता झन् विकराल रहेको उनको अनुभव छ ।

'मैले अपेक्षा गरेभन्दा बढी नै समस्या पाए । मुटुरोगी एकदमै बढी छन् । सुगरभन्दा बढी कोलेस्ट्रोल र प्रेसरको समस्या छ । मुटुको धमनीसँग जोडिएका समस्या भएका बिरामीको संख्या धेरै देख्छु । एक महिना पनि भएको छैन, करिब ६० जना बिरामीको त एनजियोग्राफी गर्नुपर्ने देखिएको छ,' उनले भने, 'हृदयाघातको बिरामी त्यत्तिकै छन् । यो अवधिमा सात जना बिरामी त हृदयाघात भएर भर्ना गर्नुपरेको छ । त्यति धेरै बिरामी आउने टिचिङ अस्पतालको जत्तिकै संख्या हो यो । यसबाट म अचम्मित भएको छु ।'

डा. साह मधेस प्रदेशमा मुटुरोगको समस्या अत्यधिक हुनसक्ने र यो खोज तथा अनुसन्धानको विषय भएको बताउँछन् । यस अस्पतालमा भर्खरै यो सेवा सुरु भएकाले पनि धेरैलाई जानकारी नभएको हुनसक्ने उनको आकलन छ । साथै धेरैलाई सरकारी अस्पतालप्रतिको गलत बुझाइले पनि यहाँ



आउनेको संख्या कम भएको हुनसक्ने उनको भनाइ छ ।

**स्थायी छोडेर करार, काठमाडौं छोडेर मधेस**

मुटुरोग विद्यावारिधि गरेको केही महिनामात्रै भए पनि साहले सन् २०१५ मा एमबिबिएस सकिएलगत्तै लोकसेवामार्फत मेडिकल अधिकृत भएर सेवा गर्ने अवसर पाए । त्यो जागिर सात महिनाभन्दा बढी टिकेन । जागिरेका रूपमा पहिलोपटक सिन्धुपाल्चोक गएका उनले अपेक्षाअनुसार अनुकूल वातावरण नभएपछि स्थायी जागिर छोडेर करारकै जागिर रोजे ।

'मैले हासिल गरेको दक्षताको प्रयोग गर्न नपाएपछि र अरु काममा अल्झिनुपर्ने भएपछि किन टाँसिरहनु । जागिर पैसाका लागिमात्रै त गर्दिन नि ! त्यसबेला काम गर्ने माहोल नै नमिलेकाले छोडें । फेरि लोकसेवामार्फत सेवा प्रवेश गर्ने सोच त छ तर अहिले गरिराखेकै काममा रमाइरहेको छु' डा. साहले भने ।

नेपालमा मुटुरोगमा विद्यावारिधि गरेका डाक्टरहरू औंलामा गन्न सकिने छन् । त्यसअर्थमा साहलाई आफूले रोजेका अस्पतालमा काम गर्ने अवसर प्राप्त हुने भए पनि जन्मस्थान मधेसलाई रोजे । पछिल्लो समय बढिरहेको मुटुरोग समस्या पहिचान गर्ने र यहाँका मुटुलाई जोगाउन थोरै भए पनि योगदान गर्ने मनसुवाका साथ आफू मधेस आएको साहको स्पष्टोक्ति छ ।

'सरकारी छात्रवृत्तिमा विद्यावारिधि गरेको हुँ । जसअनुसार दुई वर्ष अनिवार्य सेवा गर्नुपर्छ । तर देशभरि मुटुरोगमा डिएम गरेका ४०/५० जना डाक्टर होलान् । मैले शिक्षादीक्षा काठमाडौंमै लिए पनि मधेस मेरो जन्मक्षेत्र भएकाले यहाँका नागरिकको सेवा गर्न पाउनु मेरो सौभाग्य पनि हो,' हँसिलो मुद्रामा उनले भने ।

मधेस रोज्नुको अरु कारणमध्ये डिएम अध्ययन सुरु गरेको केही दिन मै त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) अन्तर्गतको मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरका कार्यकारी निर्देशक प्रा.डा. रत्नमणि गजुरेलले ठट्टामै भनेको एउटा भनाइ पनि एक भएको साहको भनाइ छ ।

'पढाइ सुरु गरेको केही दिनमै आदरणीय गुरु प्रा.डा. रत्नमणि (त्यसबेला विभागीय प्रमुख)ले जिस्क्याएर साह र यादवमा त हृदयाघात धेरै हुन्छ, तिमीहरू बच्नु है भने । काम गर्दै जाँदा तीन वर्षमा ४० वर्षमुनिका युवामा बढी समस्या भएको पाएँ । त्यसमा पनि मधेसमा धेरै समस्या देखेपछि यही क्षेत्रमा आएर सेवा गर्ने अठोट लिएको हुँ,' साहले भने ।

**समस्या के छ त ?**

साहको भनाइमा सामान्यतया नेपालमा मुटुरोग पहिचान गर्न कठिन छ । धेरैलाई त मुटुरोग के हो र यसका लक्षण के हुन् भन्ने चेतनासमेत छैन ।

प्रादेशिक अस्पतालको बहिरङ सेवा (ओपिडी) लिन दैनिक करिब ३० जना मुटुरोगका बिरामी आउने र त्यसमध्ये धेरैमा मुटुरोगले च्यापिसकेको तथा बाथमुटुबाट पीडित भएको देखिएको उनले बताए ।

'एउटा बिरामीमा त रक्त प्रवाह हुने नली स्वाभाविक थिएनन् तर पनि पहिलोपटक मुटुरोगबारे जाँच गराउन आउनुभएको थियो । मुटुको चाल छिटो हुने, सास फेर्न गाह्रो हुने वा छिटोछिटो श्वास फेर्ने, कोलेस्ट्रोल र प्रेसर त यहाँका साझा समस्या हुन् । खानपिनका कारण धमनीका भल्भ अति नै साँघुरो भएको अवस्थामा मुटुको चाल छिटो हुने, श्वास फेर्न गाह्रो हुने वा छिटोछिटो श्वास फेर्ने, दैनिक क्रियाकलापमा समस्या देखापर्ने, चाँडै थाक्ने, छाती दुख्ने, बेहोस हुने, जीउ सुन्निने समस्या मुटुसम्बन्धी समस्याका लक्षण हुन्, समयमा उपचार नभएमा 'हर्ट फेलर' हुनसक्छ । त्यसैले सचेत रहनुपर्ने हुन्छ,' डा. साहले भने ।

**अस्पतालमा गुणस्तरीय सेवा र गाउँगाउँमा सचेतनाका लक्ष्य**

अहिले प्रादेशिक अस्पतालमा डा. साह एक्लै मुटुरोग विशेषज्ञ छन् । ओपिडी र इको सेवा दिन सकिए पनि जनशक्तिको अभावमा अन्य सेवा सुरु गर्न नसकिएको उनले बताए । जनशक्ति नियुक्तिका लागि पहल सुरु भइसकेकाले निकट भविष्यमा प्रविधियुक्त ल्याव र अरु सेवा पनि विस्तार हुने डा. साहको विश्वास छ ।

'मुटुरोगको गुणस्तरीय उपचार सेवा दिने कुरा त छँदै छ । त्यसका साथसाथै समस्या निवारणका लागि जनचेतना फैलाउन तथा मुटुरोगसम्बन्धी समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्न जरुरी छ । त्यसबाहेक स्वस्थकर खाना, नियमित व्यायाम, तनावमुक्त दैनिकी र मुटुको समयमै परीक्षण पनि मुटुरोग लाग्नबाट जोगिने उपाय हुन् भन्ने जानकारी दिनुछ,' उनले भने ।

डा. साहले प्रदेशका आठै जिल्लामा अरु सरोकारवाला संघ संस्थासँग समन्वय गरी मुटुरोगसम्बन्धी सचेतना अभिवृद्धितर्फ लाग्ने योजना रहेको सुनाए । त्यसको सुरुआत आगामी असोज १२ गते हुने विश्व मुटु दिवसका दिन जनकपुरमा बृहत् स्वास्थ्य शिविरको आयोजना गरी शुभारम्भ गर्ने डा. साहले जानकारी दिए ।

'उपचारका लागि सेवाको सुनिश्चितता गर्दै प्रादेशिक अस्पताललाई मुटुरोगको रेफरल अस्पतालका रूपमा विकास गर्न लाग्नु अपरिहार्य भइसकेको छ । नागरिक चेतनाका लागि गाउँगाउँमा सन्देश पुऱ्याउनु पनि आजको आवश्यकता हो, किनकि मुटुरोग परीक्षणको दायरामा पनि त ल्याउनुछ । यसमा सबैको सहयोग रहने अपेक्षा गरेको छु,' साहले आग्रह गरे । *रासस*


**Tadi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kharanitar, Nuwakot**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2080/05/31 (17th September 2023)**

1. The *Tadi Rural Municipality, Kharanitar, Nuwakot* invites ***electronic*** bids from eligible bidders for the procurement of following work under National competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Tadi Rural Municipality, Kharanitar, Nuwakot. ito.tadimun@gmail.com*** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Agricultural Development Bank Ltd.** | **Name of Office: Tadi Rural Municipality**
**Office Code no. : 26-365-13** | **Office Account no.: 0213300985848022**
**Rajaswa (revenue) Shirshak no. : 14229**

4. Pre-bid meeting shall be held on 6th October 2023.
5. Electronic bids must be submitted to the office ***of Tadi Rural Municipality, Kharanitar, Nuwakot*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 Noon*** on ***17th October 2023***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM, 17th October 2023*** at the office of ***Tadi Rural Municipality, Kharanitar, Nuwakot***. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as stated below deposited at Dharauti account No.: 0213300985850019 on Agricultural Development Bank Ltd, Kharanitar branch, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Identification No. | Description of Works | Estimated Amount With PS, VAT & Contingency | Average annual Construction Turnover (NRs. Million) | Bid Security Amount (In NRs.) | Bid Document Fee (In NRs.) |
|---|---|---|---|---|---|
| TRM/W/R/ 2080/81-1 | Kharanitar Prabhudada Dadagaun Dorkhu Khola Sadak Starunnati | 1,29,95,994.29 | - | 3,00,000.00 | 3,000.00 |
| TRM/W/R/ 2080/81-2 | Dadagau Simle Chilaune Sadak Starunnati | 1,29,92,047.64 | - | 3,00,000.00 | 3,000.00 |
| TRM/W/R/ 2080/81-3 | Satbise Bagmara Sadak Starunnati | 1,29,95,055.93 | - | 3,00,000.00 | 3,000.00 |
| TRM/W/R/ 2080/81-4 | Chyan Dada Katarbot Dadako Pato Maurithum Sadak Starunnati | - | 28.47 | 5,00,000.00 | 5,000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला

## 'चित्रा'को छायांकन सुरू

घनश्याम लामिछानेको निर्देशन रहने फिल्म 'चित्रा'को छायाँकन सुरू भएको छ। शुक्रबारदेखि फिल्मको छायांकन पोखरामा सुरू भएको निर्माता सन्तोष अधिकारीले जानकारी दिए। सन्तोष अधिकारी फिल्मस्को ब्यानर तथा अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको निर्माण रहने फिल्ममा आगामी पुस २७ गते रिलिज हुनेछ। फिल्ममा सन्तोष अधिकारी, अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, शुभेच्छा खड्का, सिम्रन खड्का, आयुशी ढकाल, कपिल शर्मा, कुमार गुरूङ, श्यामसुन्दर कार्की, गीता थापा, उज्ज्वल ढकाल, दिपेश गजुरेल र प्रकाश घिमिरेको अभिनय रहनेछ। आशिष थापा मगर निर्माता र सन्तोष अधिकारी कार्यकारी निर्माता रहने 'चित्रा' फिल्ममा अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद छ।



आइतबार, ३१ भदौ २०८० (Sunday, September 17, 2023)

# आइइसी डिजाइनर रनवे सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** फेसनका नयाँ र उत्कृष्ट डिजाइनर प्रस्तुत गर्ने उद्देश्यले 'आइइसी डिजाइनर रनवे १२' नामक फेसन सो शुक्रबार आयोजना गरिएको छ । आइइसी कलेजले आयोजना गर्न लागेको फेसन शोमा २७ नेपाली तथा ६ अन्तर्राष्ट्रिय मोडलले ऱ्याम्पमा फेसनमा नयाँ डिजाइन प्रस्तुत गरेका छन् ।

दरबार मार्गस्थित याक एण्ड यती होटलमा आयोजना भएको फेसन शोमा ५१ जना फेसन डिजाइनरले तयार पारेका डिजाइन ऱ्याम्पमा प्रस्तुत गरेका छन् । फेसन डिजाइनर नै आईईसी कलेजका २० औं ब्याजका पास आउट विद्यार्थी हुन् ।

११ सिक्वेलमा मोडलले फेसन प्रस्तुत गर्ने शोको म्यानेजमेन्ट नेक्स्ट मोडल्स नेपालले लिएको थियो । फेसन शोका लागि भारतबाट कोरियोग्राफार यतिन नरेन्द्र गान्धी सहभागी भएका थिए भने अस्मी श्रेष्ठ, नम्रता श्रेष्ठ लगायत सहभागी बनेका थिए ।।

नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पऱ्याउने उद्देश्यले विगत लामो समयदेखि 'आइइसी डिजाइनर रनवे' आयोजना हुँदै आएको आयोजक कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले बताइन् ।

# राकेशलाई जुरी अवार्ड

■ प्रभाव संवाददाता



**काठमाडौं–** बरिष्ठ संगीत संयोजक अर्थात एरेञ्जर राकेश सोनी 'जुरी अवार्ड'बाट सम्मानीत भएका छन् । विशाल मुभिज प्रा.लि. अनामनगरद्वारा आयोजित 'विशाल राष्ट्रिय तीज म्युजिक अवार्ड-२०८०'मा राकेश 'जुरी अवार्ड'द्वारा सम्मानीत भएका हुन् ।

प्रतिनिधिसभाकी उपसभामुख ईन्दिरा राना मगरको प्रमुख आतिथ्यतामा काठमाडौंमा सम्पन्न कार्यक्रममा तीजसँग सम्बन्धित गीतहरूहरूमार्फत २२ विधाका ५२ जना कलाकर्मीलाई अवार्ड प्रदान गरिएको थियो । कार्यक्रमा बरिष्ठ लोकगायिकाद्वय लक्ष्मी न्यौपाने र शर्मिला गुरुङलाई 'दशक गायिका'को रूपमा सम्मान गरिएको थियो । सो कार्यक्रममा डेढ दशकभन्दा लामो समयदेखि संगीत संयोजनमा व्यस्त रहँदै आएका राकेशलाई आयोजकले 'जुरी अवार्ड' प्रदान गरेको हो ।

गीतसंगीतलाई समेटेर हुने अवार्डहरूमा प्रायः जुरीको नाम सार्वजनिक गरिँदैन । तर, विशाल राष्ट्रिय तीज म्युजिक अवार्ड'मा भने सबै जुरीहरूको नाम सार्वजनिक गर्दै कार्यक्रममा अवार्ड प्रदान गरिएको थियो ।

अवार्डलाई पारदर्शी र निष्पक्ष बनाउन जुरीको नाम सार्वजनिक गरिएको आयोजक संस्था विशाल मुभिज प्रा.लि.का अध्यक्ष तथा गायक हुम गैरेले बताए । उनले संगीत क्षेत्रका हरेक विधामा अनुभवी र जानकारहरूलाई जुरीका रूपमा समेटेको बताए । अवार्ड कार्यक्रममा राकेशका अलावा शर्मिला गुरुङ, ईन्द्र विसी लक्ष्मी न्यौपाकेलगाउत जुरी रहेका थिए ।

# 'हाम्रा लागि प्रदर्शक र निर्माता बराबर हुन्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता तथा निर्माता दीपकराज गिरीले आफ्ना लागि प्रदर्शक र निर्माता बराबर रहेको बताएका छन् । उनी अहिले अभिनेता तथा निर्मातासँगै प्रदर्शक पनि बनेका छन् । गिरीले साथीहरूसँगको सहकार्यमा एउटा चलचित्र भवन सञ्चालन गरेका हुन् ।

सेयर बाँडफाँट, सेयर संख्यालगायत विषयमा निर्माताको तर्फबाट सुनिने असन्तुष्टि आफूले कम गर्न प्रयास गर्ने अभिनेता गिरीले बताए । उनले भने, 'हामी निर्माताले चलचत्रि भवनबाट प्राप्त गर्ने पैसा निर्माता र प्रदर्शकको



बराबर होस्, ५०-५० प्रतिशत होस्, हाम्रो चलचित्र भवनबाट प्रदर्शक र निर्माताले बराबर पैसा पाउनेछन् ।' यो नियम नेपाली चलचित्रको हकमा लागू गरिने गिरीको भनाइ थियो ।

वितरक करण श्रेष्ठका अनुसार प्रदर्शनको पहिलो दुई सातासम्म ५०/५० प्रतिशत सेयर र त्यसपछि ३५ प्रतिशत निर्माता र ६५ प्रतिशत प्रदर्शकले पाउने गरेका छन् । यो रकममा लाग्ने विभिन्न खर्च कटाएर मात्र निर्माताले पैसा पाउने गरेका उनले जनाउँदै केही प्रदर्शकले ५० प्रतिशत नै दिने गरेको जानकारी दिए ।

'चलचित्रको व्यापार कम भएमा त्यसमा सम्झौताअनुसारको काटछाँट हुँदैन । केही चलचित्र भवनले ५० प्रतिशत नै सेयर उपलब्ध गराउँदै आइरहेका छन्', श्रेष्ठले भने, 'नयाँ प्रदर्शकमार्फत हुने घोषणाले निर्मातालाई उत्साहित नै बनाउँछ ।'

रंगशाला

## एसिया कप

# भारत र श्रीलंकाबीच उपाधि भिडन्त




■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रीलंकामा जारी एसिया कपको उपाधिका लागि आज आयोजक राष्ट्र श्रीलंका र भारत आज भिड्दैछन् । एसियाकपको इतिहासमा पहिलोपटक सहभागी भएको नेपालसहित ६ देश सम्मिलित प्रतियोगिताको समूहचरण र सुपर-४ का खेलहरूमा जित हात पार्दै यी दुई टिमले उपाधिका लागि भेट पक्का गरेका हुन् ।

सुपर फोरसम्म लयमा देखिएको पाकिस्तानले बंगलादेशसँग जित हात र अन्य श्रीलंका र भारतसँगको पराजयपछि सुपर ४ बाटै बाहिरियो । त्यस्तै सुपर फोरमा पुगेको बंगलादेशले सुरुवाती दुई खेलमा जित हात पार्दै फाइनल प्रवेश गरिसकेको भारतविरुद्ध रोमाञ्चक जित हात पार्दै प्रतियोगितामा सुखद अन्त्य गऱ्यो । उता पाकिस्तान भने श्रीलंकासँग २ विकेटले पराजित हुँदै फाइनलमा चीर प्रतिद्वन्द्वी भारतसँग भिड्ने मौका फाल्न पुग्यो ।

भारतसँग पराजित भए पनि श्रीलंकाले पाकिस्तान र बंगलादेशविरुद्ध जित हात पार्दै फाइनल प्रवेश गऱ्यो । उता भारतले पनि सुरुवाती दुई खेलमा श्रीलंका र पाकिस्तानलाई पराजित गर्दै फाइनल प्रवेश गरिसकेको थियो ।

सन् १९८४ देखि सुरु भएको एसिया कपको यसपटक १६औं श्रृंखला हो । हालसम्म भारतले सबैभन्दा धेरै ७ पटक एसिया कपको उपाधि जितेको छ । भारतपछि श्रीलंकाले ६ पटक एसिया कपको उपाधि जितेको छ ।

उपाधिका लागि भारत र श्रीलंकाबीच ८ पटक भिडन्त भएको छ । उपाधिका लागि भएका ८ मध्ये ५ प्रतिस्पर्धामा भारत विजयी भएको छ । श्रीलंकाले भारतलाई हराएर ३ पटक उपाधि जितेको छ। एसिया कपको उपाधिका लागि भारत-श्रीलंका आइतबार नवौं पटक एक-अर्काविरुद्ध मैदान उत्रिँदैछन् ।

श्रीलंकामा हुने फाइनल खेलमा घरेलु समर्थकबीच 'होम ग्राउण्ड'को फाइदा हुनसक्नेछ ।

प्रतियोगितामा समूहचरणमा नेपाल र अफगानिस्तान पनि सहभागी थिए । विश्व क्रिकेटकै महारथी टिमहरू सहभागी भएको प्रयोगितामा यी दुवै टोली सुपर फोरमा प्रवेश गर्न सकेनन् । तर, नेपालले आफ्नो पहिलो सहभागीलाई सार्थक तुल्याएको थियो । विशेष गरी अहिले फाइनलमा पुगेको भारतविरुद्धको खेल नेपालका लागि उत्कृष्ट मानिएको थियो ।

## हेटौंडामा भेट्रान्स फुटबल हुने

**मनहरी (प्रस)** – हेटौंडामा रू दुई लाख राशिको राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगिता हुने भएको छ । पत्रकार सम्मेलन गर्दै आयोजक नागस्वती भेट्रान्स क्लबले आगामी असोज १६ गतेदेखि दोस्रो राष्ट्रिय रनिङ शिल्ड एट ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने जनाएको हो । पत्रकार सम्मेलनमा कल्बका अध्यक्ष सोमबहादुर तितुङले प्रतियोगितामा देशभरका ४० वर्ष माथि उमेर समूहका खेलाडीको सहभागिता रहने जानकारी दिए । उनका अनुसार प्रतियोगितामा विजेतालाई रू दुई लाख एक हजार र उपविजेतालाई रू एक लाख एक हजार नगदसहित पुरस्कार वितरण गरिने छ ।

क्लबका अध्यक्ष तितुङले प्रतियोगितामा देशभरका १८-२० क्लबको सहभागिता रहने जनाउँदै खेलका लागि रू १६ लाख खर्च हुने अनुमान गरिएको बताए । 'स्वास्थ्यका लागि खेल' भन्ने नाराका साथ आयोजना गर्न लागिएको उक्त प्रतियोगिताले पूर्वखेलाडीको मनोबल उच्च राख्न सहयोग पुग्ने तितुङले बताए । तीन वर्षअघि स्थापना भएको क्लबले पहिलो वर्ष आयोजना गरेको प्रतियोगितामा आयोजक आफैंले उपाधि हासिल गरेको थियो ।

# साफको प्रतियोगिता प्रमुखमा जोशी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका सुन्दर नरसिंह जोशी साफको प्रतियोगिता प्रमुखमा नियुक्त भएका छन् । शनिबार साफको कार्यसमिति बैठकले जोशीलाई प्रतियोगिताको चेयरमेन (प्रमुख)मा नियुक्त गरेको हो ।

साफ हेडक्वार्टर बंगलादेशमा बसेको बैठकले चार स्थायी समिति गठन गर्दा प्रतियोगिता समितिको प्रमुखमा नेपालको ए डिभिजन क्लब एनआरटी क्लबका जोशीलाई प्रमुखको जिम्मेवारी दिएको हो ।

प्रतियोगिता सहित साफ बैठकले आर्थिक, मार्केटिङ र विकास समिति गठन गरेको छ ।

यस्तै साफ बैठकले सन् २०२४ को कार्य तालिकालाई समेत पारित गरेको छ । बैठकको निर्णय अनुसार साफले आगामी वर्ष चार युथ प्रतियोगिता र एक सिनियर महिला प्रतियोगिताको आयोजना गर्नेछ ।

जसमा साफ यू-१९ महिला, साफ यू-१६ महिला, साफ यू-२० च्याम्पियनसिप, साफ यू-१७ च्याम्पियनसिप र साफ च्याम्पियनसिप रहेका छन् । बैठकमा साफ क्लब च्याम्पियनसिप सञ्चालनको विषयमा समेत छलफल भएको थियो । र निश्चित ढाचा सहित सहभागी हुने सदस्यबीच सहमती जुटाउने निर्णय बैठकले गरेको छ ।



# श्यामलाई मुस्ताङ गल्फ च्यालेन्जको उपाधि

■ प्रभाव संवाददाता

**पोखरा–** दोस्रो मुस्ताङ गल्फ च्यालेन्जको उपाधि डिफेन्डिङ च्याम्पियन श्याम तामाङले जितेका छन् । ९ होल ३६ पारमा भएको खेल श्यामले एक अन्डर १९ अंकका साथ उपाधि जितेका हुन् । शनिबार सर्वाधिक उचाई ४६४५ मिटरमा भएको खेलमा पोखरेली गल्फर लिलाजंग गुरुङ दोस्रो भएका छन् । उनले लेवल पार १८ अंक जोडे ।

प्रतियोगितामा महिलातर्फ पोखरकै जुनी गुरुङ विजयी भएकी छन् । उनले १५ स्कोर गर्दा काठमाडौंकी गल्फर सुष्मा सिंह १३ अंकका साथ दोस्रो भइन् । रविन राना ग्रस च्याम्पियन भएका छन् । समान अंक जोडेका याम राना र पीवी राईलाई ब्याक काउन्टमा रवीनले पराजित गरेका हुन् । तीनै जनाले ११ अंक जोडेकोमा अन्तिम होलमा रविनले २ अंक जोडेपछि उपाधीको छिनोफानो भएको हो ।

सर्वाधिक बर्डिजको उपाधि आत्मराम सिंखडाले जिते भने लंगेस्ट ड्राइभ माधव सिंखडाले हिर्काए ।



सिनियर तर्फको पुरस्कार भने पोखराका बलराम थापाले पाए । ६१ वर्षका थापाले १६ स्कोर गरेका थिए । उनी गतवर्षको उपविजेता हुन् । ४ हजार ६ सय ४५ मिटरको उचाईको कोर्षमा भएको प्रतिस्पर्धामा तामाङले ९ होलमा १९ स्कोर बनाए । उनले एक अन्डर खेल्दै उपाधि उचाल्दा पोखराका लिलाजंग भने १८ अंकसहित दोस्रो स्थानमा चित्त बुझाए । लिलाजंगले लेभलपार १८ को स्कोर बनाएका थिए । २४ पुरुष गल्फर सहभागिता रहेको प्रतिस्पर्धाको ग्रस तर्फ रविन राना च्याम्पियन बने । उनले पोखराका याम रानालाई पछाडि पारे । क्लोजेष्ट टु दी पीन मेजर विजय लामाले पाए ।

होल इन वान कसैले पनि जित्न सकेन । होल इन वानका लागि घोडा र ५० कार्टुन स्याउ पुरस्कार राखिएको थियो । २४ पुरुष र ४ महिला गरी २८ गल्फर सहभागी खेल स्टेवल फोर्ड फर्म्याटमा खेलाइएको थियो । अघिल्लो वर्ष निर्माण गरिएको कोर्सलाई विश्व गिनिज बुकमा रेकर्ड गराउने प्रयास गरिएको छ ।

त्यसैका लागि मुस्ताङ गल्फ कोर्स दर्ता गरेर जग्गा प्राप्तिको प्रक्रिया थालिएको प्रवन्ध निर्देशक तथा पूर्व सांसद इन्द्रधारा विष्टले जानकारी दिए । उनले नेपालमा नयाँ पहिचान थप्ने सपना अनुसार काम गरिरहेको बताए ।

'सर्वोच्च शिखर सगरमाथा र लुम्बिनीसँगै विश्वले अब सर्वाधिक उचाईमा रहेको गल्फ कोर्स रहेको भूमि का रूपमा पनि नेपाललाई चिन्नेछ,' उनले भने, 'त्यसैलाई सघाउन प्रवर्द्धनात्मक गल्फ प्रतियोगिता गरिएको हो ।'



क्यानबेरा, अस्ट्रेलियाको कमनवेल्थ पार्कमा आयोजित पुष्प महोत्सवमा चित्र कोर्दै एक आगन्तुक । *तस्बिर: सिन्ह्वा*

# 'फ्रान्सेली राजदूतलाई नाइजरमा बन्धक बनाइयो'

**पेरिस–** नाइजरका लागि फ्रान्सेली राजदूतलाई बन्धक बनाइएको छ । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले शुक्रबार देशको गोल्डेन कोस्ट क्षेत्रको भ्रमणका क्रममा पत्रकारहरूलाई नाइजरस्थित फ्रान्सेली राजदूत र अन्य फ्रान्सेली कूटनीतिज्ञहरूलाई फ्रान्सेली दूतावासमा बन्धक बनाइएको बताएका हुन् ।

गत जुलाई २६ मा जननिर्वाचित राष्ट्रपति मोहम्मद बजौमलाई अपदस्थ गरी देशको सेनाले नाइजरको सत्ता आफ्नो हातमा लिएपछि त्यसलाई फ्रान्सले अस्वीकार गर्दै राष्ट्रपतिलाई निःशर्त हिरासतमुक्त गरेर पुनःस्थापना गर्नुपर्नेमा जोड दिँदै आएको छ । विद्रोही नयाँ सैन्य नेतृत्वसँगको मतभेदका कारण राजदूतासहित कूटनीतिक कर्मचारी बन्धक बनेका हुन् ।

फ्रान्सेली राष्ट्रपतिले राजदूत, सिल्भेन इट्टलाई बाहिर निस्कन नदिइएको तथा खाद्यान्न आपूर्ति पनि रोकिएकाले उनीसहित सबै कूटनीतिक कर्मचारीले सैनिक रासन खाइरहेका बताएका छन् ।

सैन्य विद्रोहबाट सत्ता कब्जा गरेपछि नयाँ सरकारले राजदूत इट्टलाई देश छाड्न आदेश दिएको थियो । राजदूत इट्टले सैन्य सरकारको आदेश अस्वीकार गरेपछि उनको प्रवेशाज्ञा (भिसा) खारेज गर्दै उनलाई निष्काशन गर्न प्रहरीलाई निर्देशन दिएको छ ।

नाइजरको शान्ति-सुरक्षा तथा विकासमा सघाउन परिचालन भएका फ्रान्सेली सैनिकलाई फिर्ता गर्न सैनिक सरकारले सत्ता कब्जा गरेको दिनदेखि नै गर्दै आएको छ । फ्रान्सले भने राष्ट्रपति मोहम्मद बाजुम नेतृत्वको सरकासँगको सम्बन्ध एवं वैधताअनुसार व्यवहार गर्ने दोहोऱ्याउँदै आएको छ ।

राजदूतलाई उद्धार गर्ने सम्बन्धमा सोधिएको जिज्ञासाको जवाफ पनि राष्ट्रपति म्याक्रोँले राष्ट्रपति बाजुमसँगको सहमतिअनुसार गर्ने बताउँदै उनीसँग आफू निरन्तर सम्पर्कमा रहेको बताए । नाइजरको वैधानिक शासक राष्ट्रपति बाजुम भएको दोहोऱ्याउँदै उनले सैन्य शासकलाई फ्रान्सले अनुमोदन नगरेको स्पष्ट गरे ।

फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले नियामेस्थित दूतावासमा सानो टोलीका साथ राजदूत इट्टले काम गरिरहेको बताउँदै जति दिन उनी त्यहाँ रहन चाहन्छन् त्यो निजमा नै निर्भर हुने जनाएकी छन् । यद्यपि उनले राजदूतलाई फिर्ता बोलाउने विषय राष्ट्रपतिको निर्णयमा निर्भर हुने पनि बताइन् ।

फ्रान्सले नाइजरबाट आफ्ना सेनालाई फर्काउनेबारेमा पनि सैनिक अधिकारीहरूसँग छलफल गरिरहेको बताइएको छ । सैनिक विद्रोहपछि नाइजरका नागरिकमा फ्रान्स विरोधी भावना पनि बढेकाले चाँडै नै पेरिसले सेना फर्काउनसक्ने अफ्रिकी मुलुकमा सेवा गरेका एक जना पूर्वफ्रान्सेली राजदूतले बताएका छन् ।

आफ्ना एक जना छोरा र श्रीमतीका साथ सैनिक हिरासतामा रहेका राष्ट्रपति बाजुमलाई सेनाले अमानवीय व्यवहार गरेको, आधारभूत आवश्यकताबाट वञ्चित गरेको उनको पार्टीले बताएको छ । हिरासतमा कष्टकर जीवन बिताइरहेका उनले कठोर संघर्षबाट प्राप्त लोकतन्त्रलाई जोगाउन स्वतन्त्रताका पक्षधर सबै नाइजरवासीलाई आह्वान गरेका छन् । *रासस/एएनआई*

# युक्रेनी र अमेरिकी राष्ट्रपतिबीच बिहीबार भेटवार्ता हुँदै



**वासिङ्टन–** राष्ट्रपति जो बाइडेन र उनका युक्रेनी समकक्षी भोलोडिमिर जेलेन्स्कीबीच आगामी बिहीबार राष्ट्रपतिको कार्यालयमा भेटवार्ता हुने भएको छ । भेटमा युक्रेनी राष्ट्रपतिले आफ्नो युद्धग्रस्त देशलाई थप आर्थिक एवं सैन्य सहायताका लागि राष्ट्रपति बाइडेनसमक्ष आग्रह गर्नेछन् । आर्थिक सहायता प्राप्तिका निम्ति उनले अमेरिकी संसद्को पनि भ्रमण गर्ने बताइएको छ ।

बाइडेन प्रशासनले कंग्रेसलाई युक्रेनका लागि २४ अर्ब डलर विनियोजन गर्न आग्रह गरेको छ । यो रकममा १३ अर्ब १० करोड अतिरिक्त सैन्य सहायता तथा आठ अर्ब ५० करोड मानवीय सहयोग समावेश छ । केही राजनीतिज्ञले यति धेरै रकम युक्रेनलाई दिन नहुने बताएका छन् । विशेषगरी रिपब्लिकन पार्टीका केही नेताले युक्रेनका जनरलहरूले युद्ध सञ्चालन गर्ने तरिकाको आलोचना पनि गरेका छन् । युक्रेनको सुस्त प्रगतिको पनि उनीहरूले आलोचना गर्दै आएका छन् ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत साता युक्रेनको भ्रमण गरेर ४१ अर्ब डलरभन्दा बढीको नयाँ सहायता प्याकेज घोषणा गरेका थिए । यो सहायतामा युरेनियम ट्याांक र गोलाबारुद पनि समावेश छ । यी घातक हतियार अमेरिकाले पठाएमा मस्को पनि प्रतिघातपूर्ण कदम चाल्न बाध्य हुने चेतावनी दिएको थियो ।

दुवै नेता यसै साता न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघको महासभामा पनि सहभागी हुने कार्यक्रम छ । महासभालाई सम्बोधन गर्ने तथा विश्व नेताहरूसँग भेटघाट गर्ने युक्रेनी नेताको योजना छ । इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहुले बिहीबार नै युक्रेनी समकक्षीसँग भेट्ने निश्चित भएको छ । *रासस/एपी*

# सडक दुर्घटनामा सात जनाको मृत्यु

**मथुरा (उत्तर प्रदेश)–** उत्तर प्रदेशको मथुरामा दिल्ली-आग्रा राष्ट्रिय राजमार्गमा शनिबार बिहान भएको सवारी दुर्घटनामा चार जनाको मृत्यु भएको छ । राज्यको रायबरेलीमा शनिबार नै भएको अर्को सवारी दुर्घटनामा तीन जनाले ज्यान गुमाएका प्रहरीले जनाएको छ ।

दिल्ली-आग्रा राष्ट्रिय राजमार्गमा द्रुत गतिमा हुइँकिएको कारले रोकेर राखेको ट्रकलाई ठक्कर दिँदा कारमा रहेका तीन जना र ट्रक चालकको घटनास्थलमा ज्यान गएको प्रहरी अधिकृत मार्तण्डप्रकाश सिंहले बताएका छन् ।

आफूले रोकेको ट्रकको अवस्थिति निरीक्षण गरिरहेका ट्रक चालकलाई विपरीत दिशाबाट आएको कारले ठक्कर दिँदा उनको घटनास्थलमा नै ज्यान गएको प्रहरीको प्रारम्भिक प्रतिवेदनमा उल्लेख छ । राज्यको अलिगढबाट मथुरा नजिकैको कोकिलावन धाम शनि मन्दिरतर्फ गइरहेका उनीहरू अलिगढका बासिन्दा हुन् भने ट्रक चालक बिहारको छपराका निवासी हुन् ।

प्रहरीका अनुसार रायबरेलीमा भएको दुर्घटनाग्रस्त कारमा पाँच जना सवार थिए । उक्त दुर्घटनामा गम्भीर घाइते भएका दुई जना बालबालिकाको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । उक्त कारमा दुई जना पुरुष र एक महिला थिए । दुवै दुर्घटनाको अनुसन्धान भइरहेको छ । *रासस/एएनआई*

# गैससका १८ जना कर्मचारी पक्राउ

**काबुल–** अफगानिस्तानका तालिबान अधिकारीहरूले एक विदेशीसहित स्विटजरल्याण्डमा दर्ता गरिएको गैरसरकारी संस्थाका १८ कर्मचारीलाई पक्राउ गरेको छ ।

इन्टरनेसनल असिस्टेन्ट मिसन (आइएएम) ले आफ्ना ती कर्मचारीलाई मध्य अफगानिस्तानको घोर प्रान्तमा रहेको कार्यालयबाट पक्राउ गरेर राजधानी काबुल लगेको बताएको छ । आफ्ना कर्मचारीविरुद्ध लगाइएको अभियोग बारेमा हालसम्म कुनै जानकारी नभएको र त्यससम्बन्धमा कुनै टिप्पणी वा अनुमान गर्न नसकिने आइएएमले शनिबार एक विज्ञप्ति निकालेर भनेको छ ।

'यद्यपि हाम्रो संगठन वा कुनै कर्मचारीविरुद्ध अभियोग लगाइएमा प्रस्तुत गरिएका प्रमाणको स्वतन्त्ररूपमा समीक्षा गर्नेछौं । हामी स्थानीय संस्कृतिको सम्मान गर्छौं,' विज्ञप्तिमा भनिएको छ । तालिबान अधिकारीहरूले भने गैससका कर्मचारीलाई हिरासतमा लिइएकोबारे तत्काल प्रतिक्रिया दिएका छैनन् ।

सन् १९९६ देखि अफगानिस्तानमा आँखा सेवा सञ्चालन गरेको आइएएमले स्वास्थ्यका अन्य विधा र शिक्षा क्षेत्रमा काम गर्दै आएको छ । आइएएमको वेबसाइटमा संस्थालाई इशाइका मूल्यमान्यतामा आधारित भनिए पनि यसले राजनीतिक वा धार्मिक विश्वासका आधारमा सहायता प्रदान नगर्ने स्पष्ट गरेको छ ।

अगस्ट २०२१ मा तालिबान सत्तामा फर्किएपछि धेरै पश्चिमासहित अज्ञात संख्यामा विदेशीहरूलाई तालिबान अधिकारीहरूले हिरासतमा लिएका छन् । तालिबान शासकहरूले शरिया कानुन लादेर महिलाहरूलाई गैरसरकारी संस्था र संयुक्त राष्ट्रसंघका निकायमा काम गर्नबाट वञ्चितमात्र गरेका छैनन् अपितु किशोरी र महिलालाई स्कूल/विश्वविद्यालय अध्ययनमा प्रतिबन्ध लगाएका छन् । *रासस/एएफपी*

# पाकिस्तानी दूतावासका कर्मचारीले तलब पाएनन्

**इस्लामाबाद–** डलर तरलता अभावका कारण विश्वका केही मुलुकमा खटिएका पाकिस्तानी दूतावासका केही कर्मचारीले तलब पाएका छैनन् ।

पाकिस्तानको अर्थ मन्त्रालयले डलर तरलता अभावका कारण केही कूटनीतिक नियोगमा कार्यरत प्रेस सहचारी र काउन्सिलरलाई केही महिनादेखि मासिक तलब भुक्तानी गर्न असफल भएको द न्यूज इन्टरनेसनल अखबारले जनाएको छ ।

पाकिस्तानी अंग्रेजी दैनिक द न्युज इन्टरनेसनलका अनुसार अमेरिका, हङकङ र सिंगापुरमा खटिएका प्रेस सहचारी र काउन्सिलरहरूले गत जुन महिनादेखि तलब पाएका छैनन् । पाकिस्तानको अर्थ मन्त्रालयले देशको विदेशी मुद्राको सीमा समाप्त भइसकेको बताएको छ । त्यसैले चालु महिनाको पनि तलब निकासा सकेको छैन ।

डलर अभावले वासिङ्टन, हङकङ र सिंगापुरजस्ता अत्यधिक महँगो सहरमा काम गर्ने कूटनीतिक अधिकारीहरूलाई चार महिनासम्म तलबविना आफ्नो एवं परिवारको भरणपोषणमा कठिनाइ भएको छ ।

वास्तविक आवश्यकताअनुरूप विदेशी मुद्राको हिसाबमा सूचना मन्त्रालयले रकम नछुटयाउँदा यो समस्या उत्पन्न भएको बताइएको छ । गत आर्थिक वर्षमा पनि यस्तै प्रकृतिकको समस्या उत्पन्न भएको थियो तर तत्कालीन अर्थमन्त्री इशाक दारले मन्त्रिपरिषद्को आर्थिक समन्वय समितिमा कर्मचारीका लागि पूरक अनुदानमार्फत तलब व्यवस्था गर्न निर्देशन दिएका थिए ।

केही कूटनीतिक कर्मचारीले अर्थ व्यवस्थापनको मानसिक तनाव पनि खेप्नुपरेको छ किनकी उनीहरूका सन्तान अध्ययनरत विद्यालय एवं शैक्षिक प्रतिष्ठानले समयमा शुल्क नबुझाएमा उनीहरूलाई परीक्षामा सामेल हुन नदिने चेतावनी दिएका द न्युज इन्टरनेसनलको समाचारमा उल्लेख छ । *रासस/एएनआई*

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १३४ भदौ १८ गते २०८० मा प्रकाशित **VARSHA MANPOWER PVT. LTD. (STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)** को Lot No. **285304, 285304** को विज्ञापनमा अन्तर्वार्ता झापा - **(Center Point Hotel, Birtamod 15)** मा मिति: २०८० भदौ २९ गते **(15th Sep. 2023)** मा हुने भनिएको थियो तर, कारणवसर । झापा- **(Center Point Hotel, Birtamod 15)** मा मिति: २०८० भदौ ३१ गते **(17th Sep. 2023)** मा हुने भएको जानकारी गराइन्छ ।

**Shey-PhoksundoRural Municipality**
**Office of Rural Municipal Executive**
**Saldang, Dolpa**
**Karnali Province, Nepal**

**INVITATION FOR ELECTRONICS BIDS**

**Contract Identification No: SPRM/NCB/DOP/WORKS/080-081-01**
**Date of publication: 17-Sep.-2023 AD (2080-05-31 BS)**

1. Shey-Phoksundo Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Vijer Khola Tatbandan Yojana under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 15466602.89 (Inclusive VAT).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Shey-Phoksundo Rural Municipality-3, Saldang, Dolpa, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost NRs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids,. Information to deposit the cost of bidding document in Bank:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Prabhu Bank Ltd. Saldang Branch, Dolpa** |
| **Name of Office** | : | **Shey-Phoksundo Rural Municipality, Dolpa** |
| **Office Code no.** | : | **53-366-12** |
| **Office Account no.** | : | **1650133537700071 (GA-1-1 Antarik Rajasawa Khata)** |
| **Office Account no.** | : | **650133537700041 (Dharauti (Deposit) Account** |

Purpose of deposit (compulsory)- SPRM/NCB/DOP/WORKS/080-081-01

4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 17/10/2023 AD (2080-06-30 BS). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17/10/2023 AD (2080-06-30 BS). 14:00 at the office of Shey-PhoksundoRural Municipality, Dolpa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 400000/-, which shall be valid for 30 days beyond the validity period of the bid.

Bidder who choose to deposit cash as bid security account is mentioned below:

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Prabhu Bank Ltd. Saldang Branch, Dolpa** |
| **Name of Office** | : | **Shey-Phoksundo Rural Municipality, Dolpa** |
| **Office Code no.** | : | **53-366-12** |

Office Account no.: 1650133537700071 (GA-1-1 Antarik Rajasawa Khata)

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १११८०० | प्रति तोला – १११२५० | प्रति तोला – १३९५ |



**अब्बल जेठोबुढो धान** | कास्की जिल्लाको पोखरा-१७ बिरुवा फाँटमा लहलह भएको धानमध्येको अब्बल धान जेठोबुढो।

*तस्बिरः हरिप्रसाद बास्तोला/रासस*

## सेयर बजारमा उतारचढाव

■ प्रभाव संवाददाता




**काठमाडौं–** गत साता धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचकको उतारचढाव सामान्य रह्यो । कूल चार दिनको कारोबारमा तीन दिन बढेको बजार एक दिन घटेको थियो ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार सेयर बजारमा यो हप्ता चार दिनमा कूल रू पाँच अर्ब १० करोड ९५ लाख ५९ हजार सात सय २१ बराबरको कारोबार भएको छ । साताको पहिलो दिन आइतबार परिसूचक १० दशमलव २३ अंकले बढेर एक हजार नौ सय ४२ दशमलव ६८ पुगेर रू एक अर्ब सात करोड २२ लाख १२ हजार चार सय १८ मूल्य बराबरको कारोबार भएको थियो । उक्त दिन ३३ हजार ६४ पटकको कारोबारमा ४३ लाख १४ हजार चार सय १७ इकाइ सेयर कारोबार भएको थियो । त्यस्तै कारोबारको दोस्रो दिन सोमबार परिसूचक ४४ दशमलव ३० अंकले बढेर एक हजार नौ सय ८६ दशमलव ९९ अंकमा पुगेको थियो । यस दिन विभिन्न कम्पनीका कूल ४७ लाख ४२ हजार पाँच सय ११ कित्ता सेयर ३७ हजार सात सय ९९ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ५१ करोड ८३ लाख ४३ हजार तीन सय ९७ बराबरको कारोबार भएको थियो ।

साताको काराबारमा लगातार दुई दिन बढेर तेस्रो दिनको कारोबार भने घटेको थियो । मङ्गलबार नेप्से परिसूचक १९ दशमलव ४२ अंकले घटेर एक हजार नौ सय ६७ दशमलव ४२ अंकको विन्दुमा आएको थियो । यस दिन दुई सय ७६ कम्पनीका ३९ लाख १६ हजार एक सय ६१ कित्ता सेयर २६ हजार तीन सय दुई पटक खरिद बिक्री हुँदा रू एक अर्ब १३ करोड ५० लाख ५७ हजार पाँच सय १५ बराबरको कारोबार भएको छ ।

बुधबारको कारोबार मापक नेप्से परिसूचक अघिल्लो दिनका तुलनामा ३९ दशमलव ४८ अंकले बढेर दुई हजार सात दशमलव ०६ अंकमा पुगेको थियो । यस दिन दुई सय ७५ कम्पनीको ५१ लाख ४४ हजार सात सय २४ कित्ता सेयर ३६ हजार ४५ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ४९ करोड ५५ लाख २१ हजार नौ सय पाँच बराबरको कारोबार भएको थियो । बिहीबार संविधानसभा अध्यक्ष तथा पूर्वसभामुख सुवास नेम्वाङका निधनमा सरकारले राष्ट्रिय शोक घोषणा गरेकाले नेप्सेसमेत बन्द भएको थियो भने शुक्रबार कारोबार बन्द हुने गरेको छ ।

**नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन-२०८०**

## ‘युवालाई उद्यमशील बनाउन सरकार प्रतिबद्ध’

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले हरेक क्षेत्रमा युवाको सार्थक सहभागिताका लागि सरकारले रणनीतिक रूपमा काम गर्दै आएको बताएका छन् । नेपाल युवा उद्यमशीलता शिखर सम्मेलन-२०८० लाई शनिबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नेपाली युवालाई स्वदेशमा नै भविष्य देखाउन सहुलियतपूर्ण कर्जा सहजीकरण, युवामैत्री लगानी वातावरण निर्माण, स्टार्टअप, नवप्रवर्तन र उद्यमशीलतालाई प्राथमिकतामा राखिएको बताए ।

आर्थिक वर्ष २०८०/८१ लाई सरकारले युवा उद्यमशीलता वर्षका रूपमा मनाउने घोषणा गरेको जानकारी दिँदै उनले यसबाट सकारात्मक परिणाम निकाल्न उनीहरूप्रति उत्साह र सहभागिताको पनि उत्तिकै आवश्यकता रहेको बताए । प्रधानमन्त्री दाहालले सात दशक लामो सङ्घर्षपछि संविधानसभाबाट जारी भएको संविधानले शिक्षा, स्वास्थ्य र रोजगारीलाई नागरिकको मौलिक हकको रूपमा ग्यारेन्टी गरेको उल्लेख गरे ।

‘यही यथार्थलाई आत्मसात् गर्दै सरकारले सङ्घीय शिक्षा ऐन, संघीय निजामती सेवा ऐनलगायत महत्वपूर्ण ऐन संसद्मा प्रस्तुत गर्ने निर्णय गरिसकेको छ, यी ऐनको निर्माणले संविधानप्रदत्त मौलिक हकको कार्यान्वयनसहित सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र कार्यान्वयन गर्न महत्वपूर्ण योगदान पुग्नेछ’, उनले भने । उनले युवा उद्यमशीलतालाई प्रवर्द्धन र प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको सम्मेलनले निकालेका जायज र सकारात्मक निष्कर्षलाई सरकारका तर्फबाट कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । युवा जनसंख्या उच्च रहेको वर्तमान समय जनसांख्यिक लाभांशको दृष्टिले विशिष्ट अवस्था रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनसांखिक लाभांश नगुमाउँदै युवाको सर्वाङ्गीण विकासका निम्ति ध्यान केन्द्रित गर्नुपर्ने बताए । राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्षको उमेर समूहको जनसंख्यालाई युवा मानिन्छ । जनगणना २०७८ अनुसार त्यस्ता युवाको जनसङ्ख्या एक करोड २४ लाख अर्थात् ४२ दशमलव ५६ प्रतिशत छ ।

‘दिगो विकास लक्ष्य, योजना आयोगको प्रतिवेदन, राष्ट्रिय युवा नीति र सरकारले निर्दिष्ट गरेको योजना र कार्यक्रमलाई समयानुकूल बनाउँदै नेपाली युवालाई भविष्यका कर्णधार मात्र नभएर वर्तमानका हिस्सेदार बनाउने कुरामा सरकार प्रतिबद्ध छ’, उनले भने ।

युवामा रहेका ज्ञान, सीप, दक्षता, क्षमता र अनुभवलाई सदुपयोग गर्दै राष्ट्र निर्माणमा परिचालन गर्नुपर्नेमा जोड दिँदै उनले युवालाई देशभित्रै आशा, भरोसा र सपना जागृत गराउनुपर्ने जिम्मेवारी आफूहरूको काँधमा आएको बताए । ‘विदेशमा रहेका लाखौं नेपाली युवाको भविष्यबारे नसोचिकन देशको परिवर्तन, विकास र रूपान्तरण सम्भव छैन, त्यसैले यसपटक के गरी उनीहरूको हितरक्षा हुन्छ, के गरी उनीहरूको सुरक्षा र आत्मसम्मान हुन्छ, के गरी देशभित्रै रोजगारी सिर्जना गर्न सकिन्छ, सरकार त्यस दिशामा गम्भीरतापूर्वक लागिरहेको छ’, प्रधानमन्त्री दाहालले भने ।

वर्तमान सरकारले सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण प्रयास अगाडि बढाएको जानकारी दिँदै उनले विदेशमा रहेका लाखौं युवालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने प्रक्रिया पनि सुरू भएको बताए । ‘केही महिनाभित्र विदेशमा रहेका २५ लाख नेपाली युवालाई कोषमा आबद्ध गर्ने लक्ष्य लिएका छौं’, उनले भने ।

## राजधानीका पाँचतारे होटलमा पाँचखालको मासु

**काठमाडौं–** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एकैछिन उभिएर हेर्‍यौं भने नेपालका सयौं युवा रोजगारीका लागि विदेश जाने लाइनमा बसेको देख्न सकिन्छ ।

बडो टिठलाग्दो देखिन्छ त्यहाँको दृश्य । वृद्ध बाआमा तथा परिवार, छोराछोरीलाई बिदाइ गर्न नसकिरहेको दृश्य झन कारुणिक हुन्छ । आँखाभरि आँशु पार्दै मनले नमान्दै परिवारका सदस्यले बिदाइ गरिरहेका हुन्छन् । यो देख्दा लाग्छ, यो देशमा रोजगारीको सम्भावना नै छैन । त्यसैले गरेर खाने उमेरका युवायुवती यसरी दिन प्रतिदिन हजारौंको सङ्ख्यामा विदेशिएका छन् । अर्कातर्फबाट बाकसमा भित्रिएका शव बुझ्न आउनेको हालत त झन हेर्न नसकिने छ । त्यो दृश्यको बयान यहाँ शब्दले कोर्न कठिन छ ।

यी दृश्य देखेपछि जसका मनमा पनि प्रश्न उब्जिन्छ- के देशमा काम गरेर खाने वातावरण नै छैन त ? अधिकांश यस्तै मानसिकताले ग्रसित भएर युवाले देश छोडेका छन् र खाडी पसेका छन् । अनि बजारमा सधैंभरि सुनिने निरासा त छँदैछ, जसले यहाँ केही हुँदैन भन्ने नकारात्मक सन्देश मात्र पर्वाह गर्ने गरेको छ । तर नराम्रा दृश्य र अवस्था मात्र छैन देशमा । गर्नसके देशभित्रै सबथोक छ भन्ने सन्देश पनि खोजीपसे प्रसस्तै भेटिन्छ । यसका लागि धेरै टाढा जानुपर्दैन, राजधानीबाट केही किलोमिटर पर काभ्रेको पाँचखाल नगरपालिका बाँस्कोट पुगे हुन्छ । यहाँ पुग्ने जोसुकैले पनि देशिभित्रै सम्भावनाको थुप्रो देख्न सक्छ । यहाँका स्थानीय गोविन्द थपलियाको कृषि फार्ममा पुग्नेले रोजगारीका लागि विदेशिनु पर्दैन भन्ने सन्देश मात्र पाउँछन् । यतिमात्र नभएर बजारमा जताततै पोखिने गरेको ‘यो देशमा केही हुँदैन’ भनिने निरासा पनि यहाँ पुग्ने मानिसको दिमागबाट हटेर जान्छ । गोविन्दको पौरख देख्ने जोसुकैको मनमा पनि यही माटोमा पसिना पोख्न सके सुन फल्दोरहेछ भन्ने सोच पलाउँछ ।

नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक (डिएसपी) गोविन्द थपलियाले काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका बाँस्कोटमा १५ वर्षअघि ‘फार्म एग्रो प्रालि’ खोले । प्रहरी सेवामा रहँदा देशविदेश देखेका उनलाई कृषिकर्म गर्ने हुटहुटीले छोयो । त्यसपछि आफ्नै पैतृक जमिनको करिब ९० रोपनीमा उनले तरकारी र फलफूल खेती सुरु गरेका हुन् । ऊ बेलादेखि नै उनले काठमाडौंका तारे होटललाई बजारको ‘टार्गेट’ गरेका हुन् । उनको लक्ष्य अहिले विस्तारित हुँदैछ ।

गोविन्दले कोरोना महामारीपछि त्यही जमिन वरपर थप विस्तारित स्वरूपमा पशुपन्छी पालन थाले । त्यसपछि सो फार्ममा मिट मेकर प्रालि र मिट प्रोसेसिङ एण्ड मार्केटिङ कम्पनी हुँदै अहिले फार्म ग्रो ट्रेडिङ प्रालि सञ्चालित छन् । मागअनुसार जिउँदा तथा मासु बनाएरै उनले आपूर्ति गरेका छन् । अहिले त बजार खोज्न उनीहरू काठमाडौंसम्म आउनुपरेको छैन, बजारले उनीहरूलाई खोज्दै पाँचखाल पुगेको छ ।



थप ५४ रोपनी जमिन लिजमा लिएर पशुपन्छी पाल्न थालेका उनका फार्ममा अहिले तरकारी र फलफूलका अतिरिक्त करिब ३० हजार ब्रोइलर कुखुरासहित बाख्रा, गाई, भैंसी, बङ्गुर, स्थानीय जातका कुखुरा, टर्की आदि छन् । एकै स्थानमा रहेको करिब डेढ सय रोपनी जमिनमा अहिले तरकारी र फलफूलका साथै मासु उत्पादन हुन्छ ।

काठमाडौंका प्रमुख पाँचतारे होटलमा आपूर्ति गरिने मासु यिनै कम्पनीमा प्रोसेसिङ गरेर पठाउने गरिएको उनी बताउँछन् । यही फार्मबाट नै काठमाडौंका याक एण्ड यति, होटल र्‍याडिसन र हायात होटलमा उनकै फार्मबाट तरकारी, फलफूल र मासु आपूर्ति हुँदै आएको छ । अहिले यहाँ करिब दुई सय जनाले प्रत्यक्ष रोजगारी पनि पाएका छन् ।

यिनै कृषि फार्मबाट वर्षमा रु ७० करोडभन्दा बढीको कारोबार हुने गरेको थपलिया बताउँछन् । पन्ध्र वर्षअघि रु एक करोडबाट सुरु भएको उनको कृषि कर्मको यात्रा अहिलेको मूल्यांकनमा कम्तीमा रु ४५ करोड बराबरमा उक्लिएको छ । त्यसमा रु २० करोड जति बैंकको ऋण पनि रहेको उनी बताउँछन् । थपलियाको यो फार्म १५ वर्षे यात्राको क्रममा नै नमूना बनेको छ । यसको अध्ययनका लागि स्वदेश तथा विदेशबाट पनि मानिस आउने गरेका छन् । उनको पशुपन्छी पालनलाई जर्मनीको पशु सेवासम्बन्धी संस्थाले एक सफल कृषक र सफल फार्म भनी संसारका पशुपालकको साइटमा राखेको छ । त्यसको अध्ययन गर्ने र थप बुझ्न फार्ममा आउने विदेशी पनि थपिँदैछन् ।

‘सबैको प्रश्न हुन्छ- काम गर्ने वातावरण कतिको छ ? बजारको सुनिश्चितता के छ ?’ थपलिया भन्छन्, ‘यो सबै नकारात्मक बजारको उपज हो । किन भने हामी जताततै सुन्छौं कि अहिले देशमा गरिखाने वातावरण नै छैन । तर मलाई त्यस्तो छैन । मैले त्यस्ता ठूला चुनौतीको सामना गर्नुपरेको छैन ।’

उनको यो आत्मबल नै व्यावसायिक सफलताको जग हो । मानिस आफूले काम थालिहाल्न डराउने र सुरुमै वातावरण नभएको देख्ने गरेको बताउने थपलियाको प्रश्न छ, ‘उद्यम नै सुरु नगरी उद्योगी या व्यवसायी कसरी बन्ने ? कामै नथाली सफल कसरी हुने ?’सफलताको सबैभन्दा प्रभावकारी सूत्र मेहनत, स्पष्ट ‘भिजन’ र विश्वास हो भन्छन् थपलिया । पछिल्लो समय उनको कुखुरापालनबाट स्वदेश मात्र होइन विदेशीले पनि राम्रोसँग सिकेका छन् । ब्रोइलर कुखुरा पालनबाट आम्दानी धेरै भए पनि सबै सफल हुँदैनन्, कुखुराको मृत्युदर तीन/चार प्रतिशतसम्म हुने गर्दछ । उनको फार्ममा मृत्युदर त्यस्तै एक प्रतिशत छ । उनले हरेक दुई महिनामा एक लट कुखुरा बजारमा पठाउनुहुन्छ । वर्षमा छ लटसम्म कुखुरा उत्पादन गर्ने गरेका छन् । अहिलेका ३० हजारको बुकिङ भइसकेको छ अर्को लटको तयारी सुरु भएको छ ।

बजारमा अहिले बुङ्गुरको मासु अभाव छ । तर वर्षमा केही लाख कमाइका लागि नेपालका लाखौंलाख युवा खाडी पसेका छन् । मानिसले रु पाँच/सात लाखबाटै बङ्गुरपालन थाल्ने हो भने यहीँ राम्रो कमाइ छ । दसैं आयो खसीको आयात पहिलेभन्दा झन् बढेका समाचार आउँछन् । तिहारमा फूल या भाइमसलालगायतका सामग्रीका लागि विदेशमै भर पर्नुपरिरहेको छ । यसको शूक्ष्म अध्ययन गरेर देशभित्रै काम गर्ने वातावरणका लागि सरकारले युवा जनशक्तिलाई प्रेरित गर्नुपर्छ भन्छन् थपलिया ।

उनी भन्छन्, ‘डाँडापाखा खाली छन्, खेतबारी बाँझै छन् । तर हामी खाडीबाट अएको रेमिट्यान्सबाट अन्न निर्यात गर्छौं । आखिर के अर्थ भयो त ?’ सरकारले कृषिमा दिएको अनुदान वास्तविक किसानले नपाएको उनको अनुभव छ । सरकारले किसानलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम नल्याउँदासम्म कृषि क्रान्ति सम्भव नभएको उनको बुझाइ छ । *रासस*




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ